सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० मंसिर २०८०, बुधबार (6 Dec 2023, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

एनसेलको सेयर खरिद-बिक्रीबारे सरकारले छानबिन गर्ने

आगामी मन्त्रिपरिषद् बैठकबाट विज्ञहरू सम्मिलित समिति गठन गर्ने सरकारको तयारी



एनसेलको सेयर बिक्री प्रकरणबारे छलफल गर्न मंगलबार बालुवाटारमा बसेको सत्तागठबन्धनको बैठक

एनसेलबारे छलफल गर्न आज सार्वजनिक लेखा समितिको बैठक

पवन तिमिल्सिना, प्रेम गौतम

एनसेलको सेयर खरिद-बिक्री अस्वाभाविक देखिएको भन्दै सरकारले छानबिन गर्ने भएको छ। आगामी मन्त्रिपरिषद् बैठकबाट विज्ञहरू सम्मिलित समिति गठन गर्ने सरकारको तयारी छ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार बसेको सत्तागठबन्धनका दलहरूको बैठकले एनसेलको सेयर बिक्री शंकास्पद देखिएको निष्कर्षसहित सूक्ष्म छानबिन गर्न प्रधानमन्त्रीलाई आग्रह गरेको थियो। त्यसलगत्तै सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री रेखा शर्माले विज्ञप्ति जारी गर्दै छानबिन गरिने बताएकी छिन्।

चार दिनपछि एनसेलले दियो दूरसञ्चार प्राधिकरणलाई जानकारी

'नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति नलिई र नियामक निकायलाई जानकारीसमेत नगराई अस्वाभाविक प्रावधान र मूल्यमा भएको देखिने यो कारोबारको सम्बन्धमा अध्ययन गर्न सम्माननीय प्रधानमन्त्रीले मंसिर १८ गते सम्बन्धित निकायलाई निर्देशन दिइसक्नुभएको छ,' प्रवक्ता शर्माले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सरकारले एनसेलको सेयर खरिद-बिक्रीका सम्बन्धमा प्रचलित कानुनी प्रावधान तथा अन्तर्राष्ट्रिय विधि र प्रक्रियाको पालना एवं यस्ता क्रियाकलापबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर तथा सरकारको राजस्वलगायतका विषयमा पर्ने प्रभावबारे विस्तृत अध्ययन तथा छानबिन गर्नेछ।'

» पृष्ठ ७ मा क्रमशः

सेयर बिक्री प्रक्रिया शंकास्पद रहेको सत्तागठबन्धनको निष्कर्ष

■ बैठकमा कसले के भने ?



● **पुष्पकमल दाहाल प्रचण्ड**, प्रधानमन्त्री

एनसेल प्रकरणलाई देश र जनताको अधिकतम हितमा केन्द्रित रहेर निष्कर्षमा पुऱ्याइन्छ। सरकारका तर्फबाट हुनुपर्ने अध्ययन, छानबिन गरिन्छ। यसमा सरकारले कुनै पनि मोलाहिजा गर्दैन।



● **शेरबहादुर देउवा**, सभापति, कांग्रेस

प्रधानमन्त्रीले भन्नुभएको ठीक हो, सरकारले यसलाई गम्भीर रूपमा लिएर सूक्ष्म अध्ययन गर्नुपर्छ। त्यसको निष्कर्षका आधारमा मात्रै अगाडि बढ्नुपर्छ



● **माधव नेपाल**, अध्यक्ष, एकीकृत समाजवादी

एनसेल प्रकरणमा प्रधानमन्त्रीको सक्रियता राम्रो छ। बदमासीको राम्रो ढंगले अध्ययन गरेर कानुनी दायरामा ल्याउनुपर्छ। मन्त्रिपरिषद्ले आवश्यक निर्णय गरोस्। कानुनविपरीत र देशको हितविपरीतका कामलाई सरकारले रोक्नुपर्छ।



● **महन्थ ठाकुर**, अध्यक्ष, लोसपा

प्रधानमन्त्रीले जुन कदम चाल्नुभयो, त्यसमा हाम्रो साथ छ। छानबिन समिति गठन गरेर अगाडि बढौं।

काठमाडौं/ सत्तागठबन्धनका दलहरूले एनसेलको सेयर बिक्री शंकास्पद देखिएको निष्कर्ष निकाल्दै गम्भीर छानबिनका लागि सरकारलाई आग्रह गरेका छन्। प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार साँझ बसेको गठबन्धनको बैठकले छानबिनको निष्कर्षका आधारमा अगाडि बढ्न सरकारलाई सुझाएको छ।

सत्तागठबन्धनले मन्त्रिपरिषद्बाट छानबिन समिति गठन गरेर सेयर खरिद-बिक्री प्रक्रिया कानुनसम्मत भए-नभएको

» पृष्ठ ७ मा क्रमशः

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ अन्तर्जातीय प्रेमविवाह गर्न खोजेका जाजरकोटका नवराज विकसहित ६ युवाको हत्या प्रकरण

प्रेमिकाका बाबु र तत्कालीन वडाध्यक्षसहित २४ लाई जन्मकैद

रुकुम पश्चिममा **मनीष खड्का**

अन्तर्जातीय प्रेमविवाह गर्न खोजेका जाजरकोटका नवराज विकसहित ६ युवाको हत्या प्रकरणमा जिल्ला अदालत रुकुम पश्चिमले २६ जनालाई सजायको फैसला सुनाएको छ। जसमध्ये प्रेमिकाका बुबा र रुकुम पश्चिमको चौरजहारी नगरपालिका- ८ का तत्कालीन वडाध्यक्षसहित २४ जनालाई जन्मकैद दिइएको छ।

भेरी नगरपालिका- ४ रानागाउँका २१ वर्षीय नवराज प्रेमिकासँग बिहे गर्न १८ जना साथीसहित १० जेठ ०७७ अपराह्न चौरजहारी पुगेका थिए। तर, प्रेमिकाको परिवारसहित स्थानीयले लाठी र घरेलु हतियारसहित संगठित आक्रमण गरे। ज्यान जोगाउन भागेका उनीहरूलाई भेरी बगरमा लखेटी-लखेटी कुटपिट गरियो। ज्यान जोगाउन भेरीमा हाम फालेका नवराजसहितका ६ युवा नदीमै बिलाएका थिए। केही पौडिएर पारि पुगेर जोगिए, केहीले लुकेर ज्यान बचाएका थिए।

साढे तीन वर्षअघिको यो बर्बर घटनामा तीन दिनको निरन्तर सुनुवाइपछि न्यायाधीश खड्कबहादुर केसीको एकल इजलासले मंगलबार एक नाबालकसहित २४ जनालाई जन्मकैद हुने फैसला गरेको हो।

सजाय सुनाइएकामध्ये २३ जना हाल कारागारमै छन्, अर्का एक अभिभावकको जिम्मा लगाइएका नाबालक हुन्। कर्तव्य ज्यानमा जन्मकैद सजाय सुनाइएकामध्ये १७ जनालाई छुवाछुतअन्तर्गत थप दुई वर्ष कैद र जनही ५० हजार जरिवाना पनि सुनाइएको जिल्ला अदालतका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाले जानकारी दिए। दुई वर्ष कैद र ५० हजार मात्र जरिवाना पाउने

» पृष्ठ ७ मा क्रमशः



अदालतको फैसलापछि नवराजका बुबाले भने-

छोरा र उसका साथीहरूको आत्माले अब शान्ति पाउँछ



यति लामो समय बितिसकेको छ, हामीले त न्यायको आशा मारिसकेका थियौं, न्याय पाइएला भन्ने लागेकै थिएन। आज श्रीमान्ले जुन फैसला गर्नुभयो, अदालतप्रति आभारी छौं। न्याय नपाइने हो कि भनेर दिनरात छटपटी हुन्थ्यो, अब चैन मिलेको छ। छोराले न्याय पाएको छ। अब छोरा र उसका साथीहरूको आत्माले शान्ति पाउँछ।

■ पीडितलाई क्षतिपूर्ति दिन आदेश

अदालतले पीडित परिवारलाई पीडकबाट क्षतिपूर्ति भराउनसमेत फैसला गरेको छ। पीडित परिवारलाई दोषी ठहर भएका २६ जनाबाट जनही ४० हजार क्षतिपूर्ति भराउन र उक्त रकम दामासाही तरिकाले पीडित परिवारलाई उपलब्ध गराउन फैसला भएको सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाले बताए।

■ यसरी भएको थियो बर्बर घटना

जाजरकोटको भेरी नगरपालिका- ४ रानागाउँनिवासी नवराज विक एथलेटिक्सका प्रतिभावान खेलाडी थिए। कक्षा १२ उत्तीर्ण गरेका उनी खेल खेल्नकै लागि मेला-महोत्सव धाइरहन्थे। त्यही क्रममा ०७४ तिर रुकुमको चौरजहारी नगरपालिका- ८, सोतीकी एक युवती (कथित उच्च जातकी)सँग चिनजान भयो। उनीहरूबीच प्रेम सम्बन्ध सुरु भयो। खेलकै क्रममा रुकुम पुग्दा नवराजले लुकिछिपी प्रेमिकालाई पनि भेट्न थाले।

प्रेमिका पनि नवराजको घर आउन थालिन्। दलित युवासँगको प्रेम सम्बन्ध थाहा पाएपछि युवतीका आफन्तले छुटाउन निकै प्रयास गरे। यसबीचमा अभिभावकले छोरीलाई कुटपिट पनि गरेका थिए। तर, उनीहरू एक-अर्कालाई छाड्न तयार भएनन्।



नयाँ पत्रिका

भेरीमा दलितको लाससँगै देशको कानून र मानवीय संवेदना पनि बग्यो

१३ जेठ ०७७ को समाचार पढ्न स्क्यान गर्नुहोस्

गैरदलित समुदायको चेतनामाथि प्रश्न

१० जेठ ०७७ को अपराह्न १८ जना साथीसहित भेरी तरेर नवराज सोती पुगेका थिए। नवराजले छोरी लग्न थालेको थाहा पाएपछि प्रेमिकाकी आमाले गाउँमा हारगुहार गरिन्। प्रेमिकासम्म पुग्न नपाउँदै नवराजको समूह गाउँलेबाट घेरियो। हातमा लाठी तथा घरेलु हतियार बोकेका गाउँलेले ढुंगाले हान्न थाले। आक्रमणबाट बच्न भागेका कोही लुके भने कोही भेरी नदीमा हामफाले। नवराजलाई कुटिपटपछि मारेर भेरीमा फालेको घटनामा जोगिएकाहरूको बयान छ। नवराजसहित ६ जना भेरीमा बिलाएका थिए भने पाँचजना पौडिएर पारि पुगेका थिए। अन्य सातजनाले लुकेर ज्यान जोगाएका थिए।

घटना भएको केही महिनाअघि पनि प्रेमिकालाई लिन नवराज साथीहरू लिएर सोती पुगेका थिए। त्यति वेला प्रहरीले हस्तक्षेप गरेको थियो। तर, दलितसँग प्रेम गरेको भनेर आफ्नूमाथि परिवारबाटै अवहेलना भएको भन्दै प्रेमिकाले नवराजलाई सन्देश पठाएकी थिइन्। लिन आउन प्रेमिकाले सन्देश पठाएपछि नै नवराज साथीहरू लिएर १० जेठमा प्रेमिकाको घर गएका थिए।

पुनर्निर्माणका लागि तीन साताभित्र विस्तृत विवरण तयार गरिने

सुदूरपश्चिम र कर्णालीका पाँच जिल्लामा भूकम्पपछिको पुनर्निर्माणका लागि तीन साताभित्र विस्तृत विवरण तयार गरिने भएको छ

(विस्तृत पृष्ठ ३)

किसिन्जरको नोबेल शान्ति पुरस्कारमाथि प्रश्न



हेनरी किसिन्जरको विरासतले अमेरिकी साम्राज्यवादी नीति सही हो भन्ने स्थापित गराइदिएको छ

(विस्तृत पृष्ठ ४)

लम्पी स्किनपीडितले अझै पाएनन् राहत

५७ हजार पशुधन क्षति भएका किसान पाँच महिनादेखि सरकारको उपेक्षामा, आन्दोलन गर्ने चेतावनी

(विस्तृत पृष्ठ ६)



रित्तिँदै हुम्लाको खाद्य गोदाम

सिमकोट शाखामा १४८ क्विन्टल मात्रै चामल मौज्दात, सप्लायर्स कम्पनीको उदासीनताका कारण दसैँयता खाद्यान्न अभाव चुलिँदै

हुम्लामा **नरजन तामाङ**

खाद्य व्यवस्था तथा व्यापार कम्पनीको चरम लापरबाहीका कारण हुम्लामा खाद्यान्न अभाव चुलिएको छ। ढुवानी जिम्मा पाएका सप्लायर्स कम्पनीहरूलाई समयमै ताकेता नगरेपछि दसैँयता खाद्यान्न अभाव चुलिँदै आएको हो।

आर्थिक वर्ष ०८०/८१ मा हुम्लाका लागि १४ हजार क्विन्टल चामल स्वीकृत भएको छ। तर, अहिलेसम्म नआएपछि सिमकोट शाखाको गोदाम रित्तिएको हो। स्थलमार्गबाट चार हजार क्विन्टल र हवाईमार्गबाट १० हजार क्विन्टल ढुवानीका लागि सम्झौता भए पनि सप्लायर्सहरूले समयमै ढुवानी गरेका छैनन्। स्थलमार्गबाट तीन हजार क्विन्टल चामल ढुवानीको जिम्मा पाएको एलबी सप्लायर्सले अहिलेसम्म ढुवानी गरेको छैन। एक हजार क्विन्टल चामल ढुवानीको जिम्मा पाएको चाङला ढुवानी सेवाले १४८ क्विन्टल मात्रै उठाएको छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालयले १८ कात्तिकमा हवाईमार्गबाट खाद्यवस्तु ढुवानीका लागि बोलपत्र स्वीकृत आशयको सूचना निकालेको थियो। सिम्रिक एयर हेलिकोप्टर लिमिटेडले हवाईमार्गबाट १० हजार

» पृष्ठ ७ मा क्रमशः



खाद्यान्न नभएर रित्तै रहेको सिमकोट शाखा कार्यालय

हवाई ढुवानीको चामल नेपालगन्ज र सुर्खेतमै थन्किंयो

सिम्रिक एयरले ढुवानी गर्नुपर्ने खाद्यान्न नेपालगन्ज र सुर्खेतमै थन्किएको छ। नेपालगन्जबाट हवाई ढुवानी हुनुपर्ने चार हजार क्विन्टल र सुर्खेतबाट ढुवानी हुने ६ हजार क्विन्टल गरी १० हजार क्विन्टल चामल नेपालगन्ज र सुर्खेतमै थन्किएको हो। स्थलमार्गबाट ढुवानी जिम्मा पाएको एलबी सप्लायर्सले समयमा ढुवानी नगर्दा चामल नेपालगन्ज, राजापुर प्रादेशिक कार्यालय धनगढीमै थन्किएको छ।

बेवारिसे बन्दै विद्युत् तार भूमिगत अभियान

शिवहरि घिमिरे/नयाँ पत्रिका

सडकसँग सम्बन्धित सरकारी निकायहरूको असहयोगले विद्युत् प्राधिकरणले सुरु गरेको विद्युतीय तार भूमिगत अभियान बेवारिसे बनेको छ। सडक विभागसँग तार भूमिगत गर्न प्राधिकरणले सात स्थानमा अनुमति मागे पनि विभागले अनुमति नदिँदा काम रोकिएको छ।

प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक (सिइओ) कुलमान घिसिङले सरकारी निकायहरूले सरकारी काममा बाधा पुऱ्याएको आरोप लगाए। 'सरकारी निकायबीच विकास निर्माणमा समन्वय नै छैन। विभागबाट सहमति नपाउँदा काम गर्न समस्या भइरहेको छ,' उनले भने, 'सात ठाउँमा अनुमति मागेका थियौं, तर दिएन। सरकारी निकाय नै एक-अर्कोमा बाधा बन्नु राम्रो होइन, समन्वय अभावले देश विकास हुँदैन।' उनले विकासका लागि सडक खन्नुपर्ने र त्यसलाई जस्ताको तस्तै पार्नुपर्ने बताउँदै तार भूमिगत गर्न सघाउन अनुरोध पनि गरे। 'तार भूमिगतको काम निकै महँगो छ, तर सम्बन्धित निकायले काम गर्ने दिनुहुन्न, हामीबीच सहमति नहुँदा ठेकेदार भाग्ने अवस्था छ,' उनले सुनाए, 'यति ठूलो प्रोजेक्ट हामीबीचको समन्वय अभावमा बेवारिसे बन्दै छ।' सडकमा काम गर्दा सडकसँग सम्बन्धित निकाय सडक विभाग, खानेपानी, टेलिकम,



काठमाडौं महानगरलगायतसँग समन्वय नहुँदा काम गर्न कठिन हुने गरेको घिसिङले बताए। आफैं सडकमा उभिएर तार भूमिगत गर्न आग्रह गरे पनि ठेकेदार कम्पनीले सहमतिपत्र माग गर्ने गरेको उनले बताए।

तीन वर्षअघि प्राधिकरणले तार भूमिगत गर्न तीनवटा भारतीय ठेकेदार कम्पनी हायर गरेको थियो। तर, काम गर्ने साइट नदिएको भन्दै ठेकेदार कम्पनीहरू ठेक्का तोडेर हिँड्न खोजेको प्राधिकरणले जनाएको छ। तार भूमिगत गर्न करिब १२ अर्ब रुपैयाँ लाग्ने र पाँच वर्षमा सकिने अनुमान थियो। तर, सुरु भएको तीन वर्षमा उपत्यकाभित्र ४० प्रतिशत मात्रै तार भूमिगत गरिएको छ। अधिकांश मुख्य सडकमा तार भूमिगत बाँकी छ।

■ यी ठाउँमा मागेको थियो प्राधिकरणले सहमति

नेपाल विद्युत् प्राधिकरणले तार भूमिगतका लागि २० भन्दा बढी स्थानमा सडक विभागसँग सहमति मागेको थियो। तर, सडक विभागले हालसम्म सहमति जनाएको छैन। काठमाडौंको रत्नपार्क, रिङरोड क्षेत्र, एयरपोर्ट, नयाँ बानेश्वर, चाबहिल, जोरपाटीलगायत ठाउँमा अनुमति मागेको थियो। तर, प्राधिकरणले सडक भताभुंग पारेको भन्दै सडक विभागले खन्न दिएको छैन। यसअघि प्राधिकरणले कतिपय ठाउँमा सडक खन्दा खाल्डा पारेर छाडेको विभागको भनाइ छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५


NIC ASIA
एन आई सी एशिया बैंक लि.


गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, दार्हाफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दार्हाफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स. वडा नं. १ घ (हाल बर्दघाट न.पा. वडा नं. १) स्थित कित्ता नं. ६०६ को क्षेत्रफल २७७६.८४ (व.मि) को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३३९६, ३३९९, ३३९३, ३३९५, ३३९० को क्षेत्रफल क्रमश : ०-९-२-२, ०-१-३-३, ०-१-१-२, ०-३-०-०, ०-१-३-१ (रोपनी) को जग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स वडा नं. १ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७ को क्षेत्रफल ८८.६० (व.मी) को घरजग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमशः ०-०-६-० र ०-०-७-० (विगाह) को घरजग्गा ।
८.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्साघाडी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, महमदपुर गा.वि.स.वडा नं.४ (हाल गुलरिया न.पा. वडा नं.११) स्थित कित्ता नं. ४५८ र ६२७ को क्षेत्रफल क्रमश : १०.०० र ३३८.६३ (व.मी) को घरजग्गा र बर्दिया जिल्ला, महमदपुर गा.वि.स.वडा नं.४ (हाल गुलरिया न.पा. वडा नं.११) स्थित कित्ता नं. ७४९ को क्षेत्रफल ३३८.६३ (व.मी) को जग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय बार्केको लगतमा दर्ता कायम रहेको बार्के जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बार्के जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.७/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२.५-० (विगाह) को जग्गा र रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.८/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ११३१ को क्षेत्रफल ०-०-१४.५-० (विगाह) को जग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ९३१ को क्षेत्रफल ४६० (व.मी) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ५९९ को क्षेत्रफल ३४० (व.मी) को जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १८७५ र १८७६ को क्षेत्रफल क्रमशः १६९३.१५ र १६९३.१५ (व.मी) को जग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३९३.५० (व.मी) को जग्गा ।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३/ख (हाल तिलोत्तमा न.पा. वडा नं.७) स्थित कित्ता नं. ४०८६, ६०८ र ४०८७ को क्षेत्रफल क्रमश : ०-१-५-०, ०-०-९-० र ०-२-०-० (विगाह) को घर/जग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, कलैया न.पा. वडा नं. ८ (हाल कलैया उ.म.न.पा. वडा नं.६) स्थित कित्ता नं. ५२८ को क्षेत्रफल ०-०-१० (विगाह) को जग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. २ (हाल चन्द्रपुर न.पा. वडा नं.८) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा ।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स. वडा नं. ९ख (हाल तारकेश्वर न.पा. वडा नं.४) स्थित कित्ता नं. ९६० र ९६१ को क्षेत्रफल क्रमश : १०७.३१ र ३५.७७ (व.मी) को घरजग्गा ।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १/ग (हाल लालबन्दी न.पा. वडा नं.४) स्थित कित्ता नं. ७६१, ७०६, ७५९, ११९३ र १०४४ को क्षेत्रफल क्रमश : ०-०-१५-०, ०-०-१५-०, ०-०-८-०, ०-०-१०-० र ०-०-१०-० (विगाह) को जग्गा ।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मधुवनी गा.वि.स. वडा नं. ८ (हाल लुम्बिनी साँस्कृतिक न.पा. वडा नं.१०) स्थित कित्ता नं. १२८८ र १३१५ को क्षेत्रफल क्रमश : ०-०-४-० र ०-०-१.७५-० (विगाह) को घरजग्गा ।
२४.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ०८ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. २० को क्षेत्रफल ९१५ (व.मि) को जग्गा ।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १४६०, १४७२, १४६१, १४७३, १४६२ र १४७४ को क्षेत्रफल क्रमश : २११, २१२, २११, २११, २०९ र २१० (व.मि) को जग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगर नाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१७.५० व.मि.को जग्गा ।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा ।
३०.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २२५ र १०.४० (व.मि.) को जग्गा ।
३१.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. २६५ र ७२१ को क्षेत्रफल क्रमशः ८४.६५ र १५१.३२ (व.मि.) को जग्गा ।
३२.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा ।
३३.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल बृन्दावन न.पा वडा नं ६) स्थित कित्ता नं. २१७७ को क्षेत्रफल ०-१०-१३ (विगाह) को जग्गा ।
३४.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिह(रपुर गा.वि.स. वडा नं. ५ क (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६८, १४६५, १४७०, १४६७, १४६६ र १४६९ को क्षेत्रफल क्रमशः १-१-१०, ०-२-०, ०-१७-२, ०-१-०, ०-२-० र ०-१२-१८ (विगाह) को जग्गा ।
३५.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
३६.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.९८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
३७.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमशः ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
३८.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुठा गा.वि.स. वडा नं. ४ क (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३७७२ को क्षेत्रफल ३०९ (व.मि) को जग्गा ।
३९.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वागेश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ (हाल पर्साघाडी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २२७ को क्षेत्रफल ४३१३.८७ (व.मी) को जग्गा ।
४०.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ६६ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा
४१.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ३०१ को क्षेत्रफल ०-६-०-० (विगाह) को जग्गा ।
४२.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. २ क (हाल गढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०८० र ८२६ को क्षेत्रफल ०-१-१०-० र ०-०-५-८ (विगाह) को जग्गा ।
४३.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ८३४ को क्षेत्रफल ०-२-११-८ (विगाह) को जग्गा ।





लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईनछ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

विपिन जोशीको अवस्था अझै अज्ञात
रिहाइको पहल गरिदिन पुनः कतारसँग आग्रह



परराष्ट्रमन्त्री एनपी साउद र कतारका राजदूत मिसाल मोहम्मद अल अन्सारी मंगलबार सिंहदरबारमा छलफल गर्दै ।

नयाँ पत्रिका

परराष्ट्रमन्त्री एनपी साउदले प्यालेस्टाइनी विद्रोही समूह हमासको कब्जामा रहेका कञ्चनपुरका विपिन जोशीको रिहाइका लागि पहल गरिदिन पुनः कतार सरकारसँग आग्रह गरेका छन् । नेपालका लागि कतारका राजदूत मिसाल मोहम्मद अल अन्सारीसँग साउदले मंगलबार परराष्ट्र मन्त्रालयमा यस्तो आग्रह गरेका हुन् । जोशीको अवस्था अझै अज्ञात छ ।

परराष्ट्रमन्त्रीको सचिवालयका अनुसार विद्रोही हमासको नियन्त्रणमा रहेका भनिएका जोशीको रिहाइका लागि सबै उपाय लगाउन कतार सरकारलाई परराष्ट्रमन्त्रीले आग्रह गरेका छन् । जवाफमा राजदूत अन्सारीले इजरायल र विद्रोही हमासबीच पुनः सुरु भएको युद्ध रोक्न कतार सरकारले पहल गरिरहेको जानकारी दिए । उनले नेपाली विद्यार्थी जोशीसहितका अपहरणमा परेकाको रिहाइका लागि समेत कतारले प्रयास जारी राखेको बताए ।

'इजरायल र हमासबीच पुनः युद्ध सुरु भएको छ । परिस्थिति जटिल छ । यद्यपि, अर्को युद्धविरामका लागि पहल भइरहेको छ,' राजदूत अन्सारीलाई उद्धृत गर्दै परराष्ट्रमन्त्रीको सचिवालयले जारी गरेको प्रेस नोटमा भनिएको छ, 'हामी बन्दी छुटाउनका लागि पनि प्रयासरत छौं ।'

परराष्ट्रमन्त्री साउदले यसअघि ८ मंसिरमा कतारका विदेश राज्यमन्त्री सुल्तान बिन साद अल-मुखारीको नेपाल भ्रमणका क्रममा भएको भेटमा जोशीको रिहाइका लागि पहल गरिदिन आग्रह गरेका थिए । परराष्ट्रमन्त्रीले ७ मंसिरमा नेपालका लागि इजरायली राजदूत हनान गोडरलाई मन्त्रालयमा बोलाएर जोशीको रिहाइका विषयमा कुराकानी गरेका थिए ।

परराष्ट्रमन्त्री साउद १० डिसेम्बरदेखि कतारमा सुरु हुन गइरहेको दोहा २१औं फोरममा सहभागी हुँदै छन् । त्यस क्रममा हुने उच्चस्तरीय भेटमा जोशीको रिहाइको विषय गम्भीरताका साथ उठाउन लागेको उनको सचिवालयले जनाएको छ ।

गाजा क्षेत्रमा इजरायल र हमास समूहबीच भएको युद्धविराम सम्झौतापछि रिहाइ हुने प्रतीक्षामा रहेका विपिन जोशी अझै बेखबर छन् । उनी हमास समूहको नियन्त्रणमा रहेको पुष्टि भए पनि उनीसँग कसैको सम्पर्क भएको छैन । युद्धविराम सम्झौताको चौथो दिनसम्म उनी रिहा भएका छैनन् । 'हामी विपिन जोशीको रिहाइका लागि प्रयासरत छौं । उपलब्ध सबै कूटनीतिक च्यानलको प्रयोग भएको छ । उहाँको रिहाइका लागि प्रतीक्षारत छौं,' परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले भनिन्, 'विपिन जोशीको रिहाइका लागि हरसम्भव प्रयत्न भइरहेको छ ।'

युद्धविराम सम्झौताको चौथो दिनसम्म ५८ जना विदेशीलाई हमास समूहले मुक्त गरिसकेको छ । तर, नेपालका जोशी रिहा हुने विषयमा सरकारदेखि परिवार बेखबर छ । 'परराष्ट्रमन्त्रीज्यू विपिन जोशीको रिहाइका लागि दिनरात मिहिनेत गरिरहनुभएको छ । सबै कूटनीतिक च्यानलमा, राजनीतिक नेतृत्वसँग प्रयास गरिरहनुभएको छ,' परराष्ट्रमन्त्रीका स्वकीय सचिव दीपक जोशीले भने ।

कञ्चनपुरका जोशी २० असोजदेखि गाजा क्षेत्रमा हमास समूहको नियन्त्रणमा छन् । हमास समूहको आक्रमणमा गत २० असोजमा १० जना नेपाली विद्यार्थीले ज्यान गुमाएका थिए भने त्यही दिनदेखि कञ्चनपुरका जोशी बेपत्ता थिए । सुदूरपश्चिम विश्वविद्यालयमा अध्ययनरत जोशी 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायल गएका थिए । आक्रमण हुँदा साथमा रहेका नेपाली विद्यार्थीका अनुसार जोशीलाई हमास समूहले सँगै लगेको छ । इजरायल, कतार र इजिप्टस्थित नेपाली दूतावासले ती देशहरूमार्फत जोशीको रिहाइका लागि कूटनीतिक प्रयास जारी राखेका छन् ।

हमास समूहले हालसम्म ८३ जना इजरायली तथा २३ जना थाई र एकजना फिलिपिनो गरी जम्मा एक सय सात नागरिकलाई रिहा गरेको अल जजिराले जनाएको छ । इजरायलले दुई सय ५० जना प्यालेस्टाइनीलाई रिहा गरेको छ । हमास समूहले दुई सय ४० भन्दा बढीलाई नियन्त्रणमा लिएको र एक सय ४० जनाभन्दा बढी उसको नियन्त्रणमा रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । तर, आधिकारिक तथ्यांक कसैले सार्वजनिक गरेका छैनन् ।

पुनर्निर्माणका लागि तीन साताभित्र विस्तृत विवरण तयार गरिने



नयाँ पत्रिका

सुदूरपश्चिम र कर्णालीका पाँच जिल्लामा भूकम्पपछिको पुनर्निर्माणका लागि तीन साताभित्र विस्तृत विवरण तयार गरिने भएको छ । भूकम्पपछिको क्षति एवं आवश्यकता मूल्यांकनको आवश्यक कार्य गर्न र भूकम्पले निजी आवास एवं सार्वजनिक संरचनामा पुऱ्याएको क्षतिको 'विस्तृत क्षति आकलन' गर्न गठित छुट्टाछुट्टै समितिको मंगलबारको बैठकले तीन साताभित्र अन्तिम प्रतिवेदन तयार गर्ने गरी समयतालिका निर्धारण गरेको हो ।

विपत् व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले आइतबार मात्र छुट्टाछुट्टै समिति गठन गरेका थिए । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काका अनुसार हाल निजी आवासको पूर्ण क्षति र आंशिक क्षतिको प्रारम्भिक तथ्यांक उपलब्ध भए पनि अब निजी आवास एवं सार्वजनिक संरचना पुनर्निर्माणका लागि आवश्यक (पुनर्निर्माण गर्नुपर्ने आवास-भवन, मर्मत गर्नुपर्ने, रेकटोफिट गर्नुपर्ने र पुनर्स्थापना गर्नुपर्ने) विस्तृत तथ्यांक संकलन हुनेछ । त्यसका लागि इन्जिनियरसहितको टोली जाजरकोट, रुकुम पश्चिम, सल्यान, बाजुरा र बझाङमा खटाइनेछ । निजी आवास पुनर्निर्माणका लागि मात्र कम्तीमा एक खर्ब अनुमान गरिए पनि सरकारसँग यकिन तथ्यांक छैन ।

प्रवक्ता खड्काका अनुसार अर्को टोलीले क्षति एवं आवश्यकता मूल्यांकन गर्नेछ । पुनर्निर्माणको आकलनसँगै सामाजिक क्षतिको पाटो पनि केलाउनेछ । 'भूकम्पले कतिको रोजगारी खोस्यो, गाउँमा अब के आवश्यक छ भनेर पनि आकलन गरेर पुनर्निर्माण आवश्यकताको पहिचान हुनेछ,' उनले भने ।

भूकम्पपछिको क्षति एवं आवश्यकता मूल्यांकनको आवश्यक कार्य गर्न प्राधिकरणका सहसचिव भरतमणि पाण्डेको संयोजकत्वमा संघ सरकारका मन्त्रालय एवं निकायका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री एवं मन्त्रिपरिषद् कार्यालयका उपसचिवस्तरका प्रतिनिधि रहेको १८ सदस्यीय कार्यटोली गठन भएको छ ।

त्यसैगरी, भूकम्पले निजी आवास एवं सार्वजनिक संरचनामा पुऱ्याएको क्षतिको 'विस्तृत क्षति आकलन गर्न आवश्यक कार्यका लागि प्राधिकरणका प्राविधिक सहसचिव रामेश्वर मरहट्टाको संयोजकत्वमा संघीय मन्त्रालय एवं निकायका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री एवं मन्त्रिपरिषद् कार्यालयका उपसचिवस्तरका प्रतिनिधि रहेको १० सदस्यीय कार्यटोली गठन भएको छ ।

१७ कात्तिकमा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्युड र १६ असोजमा बझाङ केन्द्रबिन्दु भएर ६.३ म्याग्निच्युडको भूकम्प गएको थियो । हालसम्म प्राप्त विवरणअनुसार पाँच जिल्लामा प्रभावित घरपरिवार संख्या (अस्थायी आवास निर्माण गर्नुपर्ने) ८० हजार ८४८ पुगेको छ । ०७८ जनगणनाअनुसार रुकुम पश्चिम, जाजरकोट, सल्यान, बझाङ र बाजुरामा एक लाख ८७ हजार ८० घरधुरी संख्या छ ।

एकीकृत समाजवादीको महाधिवेशन जेठमा



काठमाडौं/ एकीकृत समाजवादीको महाधिवेशन आगामी ३ देखि ७ जेठमा हुने भएको छ । मंगलबार बसेको सचिवालय बैठकले महाधिवेशनको नयाँ मिति तोकेको हो ।

१४ माघमा सुरु हुने गरी तय भएको महाधिवेशनको मिति सारेर नयाँ मिति तोकिएको उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । महाधिवेशन काठमाडौंमा हुने भएको छ । 'महाधिवेशनलाई कार्यतालिकामा ढालेर राजनीतिक प्रतिवेदन कहिलेसम्म तयार पार्ने, दस्ताबेज कहिलेसम्म अगाडि बढाउने भन्ने क्रममा लागेका छौं,' खतिवडाले भने, 'हामी फेरि संगठन निर्माणको विशेष अभियानमा लाग्दै छौं ।'

जाजरकोट भूकम्पपछि पुनर्निर्माणमा पार्टीपंक्ति खटिएको र माघमै राष्ट्रिय सभा निर्वाचन रहेकाले मिति सार्ने निष्कर्षमा पुगेको नेताहरूले दाबी गरेका छन् । अध्यक्ष नेपाल र सम्मानित नेता झलनाथ खनालबीच राजनीतिक, वैचारिक रूपमा मतभेद रहँदै आएको छ । मतभेदका विषयमा महाधिवेशनमा छलफल गर्ने एकीकृत समाजवादीको तयारी छ ।

महाधिवेशनमा पेस गरिने दस्ताबेज मस्यौदाका लागि अध्यक्ष माधवकुमार नेपालको संयोजकत्वमा २७ सदस्यीय समिति गठन गरिएको छ । केन्द्रीय सचिवालय सदस्यसहित सबै केन्द्रीय पदाधिकारी रहने खतिवडाले जानकारी दिए । पदाधिकारीबाहेक सावित्रा भुसाल, विश्वनाथ प्याकुरेल, गणेश विक, श्रीप्रसाद साह, विजय गुरुङ र तुलबहादुर गुरुङ मस्यौदा समितिमा रहनेछन् । १४ र १५ माघमा राष्ट्रिय सम्मेलन हुने भएको छ । त्यसअघि २८ र २९ मंसिरमा सचिवालय, ९ पुसमा स्थायी कमिटी, १० पुसमा पोलिटब्युरो तथा ११ र १२ पुसमा केन्द्रीय कमिटी बैठक बोलाउने निर्णय भएको खतिवडाले बताए ।

पाटन अस्पतालमा स्तन क्यान्सरसम्बन्धी औषधि निःशुल्क

ललितपुर/ पाटन अस्पतालले स्तन क्यान्सरसम्बन्धी औषधि निःशुल्क वितरण गर्ने भएको छ । मेटास्टेटिक अवस्था अर्थात् (चौथो स्टेज) को हर्मोन पजिटिभ भएका बिरामीका लागि राइबोसिक्लिव र लेट्रोजोल ट्याबेलट निःशुल्क उपलब्ध गराइने अंकोलोजिस्ट डा. अरुण शाहीले जानकारी दिए ।

उनका अनुसार निःशुल्क वितरण गरिने औषधि मेटास्टेटिक अवस्थामा पुगेका बिरामीका लागि अत्यन्तै सहज र प्रभावकारी हुन्छ । 'अमेरिकामा पहिलो रोजाइमा पर्ने यो औषधि विश्वस्तरीय ब्रान्ड हो र यसले युएसएफडए मान्यतासमेत पाएको छ,' उनले भने । म्याक्सले पाटन अस्पतालमा वितरण गरेका अरू क्यान्सरका औषधि चितवनको भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालबाट निःशुल्क उपलब्ध हुने गरे पनि पछिल्लोपटक आएको स्तन क्यान्सरको यो औषधि पाटन अस्पतालबाट मात्र निःशुल्क वितरण हुने गरेको शाहीको भनाइ छ । उक्त औषधि महिनामा २१ दिन प्रयोग गर्नुपर्ने र त्यसको खर्च एक लाखभन्दा बढी पर्छ ।

प्रधानमन्त्रीलाई कुलपति नबनाउन सांसदहरूको माग

काठमाडौं/ राष्ट्रिय सभा सदस्यहरूले विश्वविद्यालयमा प्रधानमन्त्रीलाई कुलपति बनाउन नहुने माग गरेका छन् । सबै विश्वविद्यालयमा प्रधानमन्त्रीलाई कुलपति बनाउँदा भूमिका प्रभावकारी हुन नसकेको भन्दै सांसदहरूले अनावश्यक जिम्मेवारी थोपर्नु उचित नभएको जिकिर गरेका हुन् ।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको मंगलबार बसेको बैठकमा 'सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०' माथिको दफावार छलफलमा भाग लिँदै सांसदहरूले प्रधानमन्त्री कुलपति नहुने गरी सरकारले अवधारणा बनाउनुपर्नेमा जोड दिए । 'सबै विश्वविद्यालयमा कुलपति प्रधानमन्त्री नहुने गरी सरकारले एउटा अवधारणा बनाउनुपर्छ । यसले कुनमा रहने, कुनमा नरहने स्पष्ट पार्छ, प्रधानमन्त्रीको पनि लोड कम गर्छ,' एमाले संसदीय दलका नेता देवेन्द्र दाहालले भने ।

कांग्रेस प्रमुख सचेतक अनिता देवकोटाले विश्वविद्यालयमा प्रधानमन्त्री नै कुलपति राख्ने अभ्यास परिवर्तन गर्न जरुरी रहेको बताइन् । 'विश्वविद्यालय स्थापनापिच्छे प्रधानमन्त्रीलाई कुलपति राख्छौं, अनावश्यक लोड भयो । कति मात्रै भ्याउने प्रधानमन्त्रीले ? त्यही भएर प्रधानमन्त्रीको लोड कम गरौं, यसलाई व्यवस्थित गरौं,' उनले भनिन् । प्रधानमन्त्री कुलपति भयो भने ओज बढ्छ भन्ने मानसिकताबाट बाहिर निस्किनुपर्ने उनको भनाइ थियो ।

माओवादी सांसद राधेश्याम पासवानले कति ठाउँमा प्रधानमन्त्रीलाई कुलपति बनाउने हो अध्ययनबाट यकिन गरेर समितिलाई जानकारी गराउन शिक्षा मन्त्रालयसँग माग गरे । एकीकृत समाजवादीकी मदनकुमारी शाहले प्रधानमन्त्रीलाई धेरै नै भार भएकाले यसमा परिवर्तन गर्ने गरी सरकारले एउटा अवधारणा ल्याउनुपर्नेमा जोड दिइन् । समिति सदस्य सुरेश आलेमगरले भने सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विशिष्ट खालको भएकाले कुलपति प्रधानमन्त्री नै राख्नुपर्ने जिकिर गरेका थिए ।

सवारी साधन बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८० मंसिर २० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस फाइनान्सको स्वामित्वमा रहेको देहाय बमोजिमको पुरानो सवारी साधन (जिप) जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्नुपर्ने भएको हुदाँ यो सूचना प्रकाशित भएको मितिले २१ **दिन भित्र** इच्छुक व्यक्ति/फर्म/कम्पनीहरुबाट शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।

बिक्री हुने सवारी साधनको विवरण :

Registered no.	Model	CC	Year Made	Engine No.	Chasis No.
Ba 16 Cha 7464	Renault Duster	1461	2016	E015381	MEEHSRCFKGA003945

शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र पेश गर्न चाहने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात तथा फर्म/कम्पनीले दर्ता प्रमाणपत्र (नविकरण गरिएको स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र) का साथमा खरिद गर्ने आधिकारिक निर्णय माइन्युटको प्रमाणित प्रतिलिपि यस संस्थाको प्रधान कार्यालयमा पेश गर्नु पर्नेछ ।
२. गोप्य शिलबन्दी बोलपत्र कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र साथ आफुले लिन चाहेको रकमको कम्तिमा १०% धरौटी रकम यस संस्थाको खाता नं. ९१७१०५०१००७० मा जम्मा गरी सोको सक्कल भौचर वा गुड फर पेमेन्टको चेक पेश गर्नु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम जम्मा गरी सवारी साधनको नामसारी गरी लिई सक्नुपर्नेछ । अन्यथा धरौटी रकम जफत गरिने छ ।
६. बोलपत्रको फारम यस संस्थाको प्रधान कार्यालयको, सामान्य सेवा विभाग वा सम्बन्धित शाखाबाट प्रति फारम रु.१,०००/-(एक हजार मात्र) (फिर्ता नहुने) भुक्तानी गरि खरिद गर्न सकिनेछ ।
७. बिक्री हुने सवारी साधन हेर्न, बुझ्न चाहनेले कार्यालय समय भित्रमा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।
८. प्राप्त बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा खारेज गर्न सक्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित हुनेछ ।
९. थप जानकारीको लागि यस संस्थाको सामान्य सेवा विभागमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
१०. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन संस्थाको प्रधान कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । तर, बोलपत्रदाताहरुको उपस्थिति अनिवार्य हुने छैन । यदि बोलपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन शिलबन्दी बोलपत्र खोलिने छ ।

शिलबन्दी बोलपत्र खोलिने मिति : २०८०/०९/११ गते बुधबार

स्थान : प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, समय : दिउँसो ३:०० बजे

BEST FINANCE COMPANY LTD. बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

केन्द्रीय कार्यालय : बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४५४२४६१/६२/६३

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय भुमहीबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीतकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम : : देवराज दाना तथा किराना पसल दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, परासी नवलपरासी प्रा.फ.र.नं.. : ८८४/१२४६९/०७५/०७६ दर्ता मितिः २०७५/१२/११, पान नं. ६०९४२४०६३ ठेगाना : सुनवल न.पा. वडा नं. १२, नवलपरासी **प्रोप्राइटर/जमानीकर्ताको नाम : दिपेन्द्र कुमार हरिजन** बाबुको नाम : बन्हन हरिजन बाजेको नाम : सन्तु चमार ठेगाना : रामग्राम-१२, नवलपरासी ना.प्र.नं. :५२५२४, जारी मिति : २०५६/१०/०५ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी **कर्जा शिर्षक : एस.एम.ई. अधिविकर्ष** **कर्जा लिएको शाखा : भुमही**	**क) नाम : सुनिता हरिजन** बाबुको नामः मिठु हरिजन पतिको नामः दिपेन्द्र कुमार हरिजन ससुराको नामः बन्हन हरिजन ठेगानाः रामग्राम-१२, नवलपरासी ना.प्र.नं.: ३६-०१-७२-०६६४० जारी मितिः २०७२/१०/१९ जारी गर्ने कार्यालयः जि.प्र.का., नवलपरासी **ख) नाम : बन्हन हरिजन** बाबुको नामः सन्तु चमार बाजेको नाम : वेचन चमार ठेगाना : जमुवाड-०७, नवलपरासी हाल : रामग्राम-१२, नवलपरासी ना.प्र.नं.: १/१३, जारी मितिः २०४६/०८/१५ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी **ग) नाम : उपेन्द्र कुमार हरिजन** बाबुको नाम : बन्हन हरिजन बाजेको नाम : सन्तु चमार ठेगाना : रामग्राम-१२, नवलपरासी ना.प्र.नं.: ३९९०६९/२५८, जारी मितिः २०६४/११/१२ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी
सुरक्षण रहेको धितोको विवरणः श्री मालपोत कार्यालय परासी, नवलपरासीमा बन्हन हरिजनको नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, जमुवाड-०७ स्थित कि.नं. ७७८, ७७५, ७६२, ७६५ र ३७३ को क्षेत्रफल क्रमशः ८६.७६, ९७.३६, २४५४.७३, १३५.४३ र ३८०.९७ वर्ग मिटरको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लाहान, सिरहाको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/२० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन सी.सी. बैंक लि.) शाखा कार्यालय लाहान, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कूनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा सुचित गरीन्छ ।

तपसिल

१. ऋणीहरुको विवरण:

क. प्राइभेट फर्म रजिष्टेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग प्राइभेट फर्म रजिष्ट्रेशनको कार्यालयमा मिति २०६९/०१/०५ मा दर्ता नं. २३२६ दर्ता कायम भई सिरहा जिल्ला, लहान न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **डि.एम.अटो ट्रेडिङ** (प्रोप्राइटर दोरिकलाल साहको नाती, राम स्वरुप साहको छोरा, सिरहा जिल्ला, लक्ष्मिपुर पतारी गा.वि.स. वडा नं. ०९ बस्ने **दिनेश कुमार साह** (ना.प्र.नं. ५५७/१७१६ जारी मिति २०५१/०६/०९ जिल्ला प्रशासन कार्यालय सिरहा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. दोरिकलाल साहको नाती, राम स्वरुप साहको छोरा, सिरहा जिल्ला, लक्ष्मिपुर पतारी गा.वि.स. वडा नं. ०९ बस्ने **दिनेश कुमार साह** (ना.प्र.नं. ५५७/१७१६ जारी मिति २०५१/०६/०९ जिल्ला प्रशासन कार्यालय सिरहा) ।
२. दोरिकलाल साहको बुहारी, राम चन्द्र साहको छोरी दिनेश कुमार साहको पत्नी, सिरहा जिल्ला, लक्ष्मिपुर पतारी गा.वि.स. वडा नं. ०९, बस्ने **कोशिला देवी साह** (ना.प्र.नं. १५१०३४/७१९ जारी मिति २०६३/१२/०६ जिल्ला प्रशासन कार्यालय सिरहा) ।

धितो सुरक्षणको विवरण:

१. **कोशिला देवी साह**को नाममा मालपोत कार्यालय, लहान, सिरहामा दर्ता कायम रहेका सिरहा जिल्ला, सिंग्राही मटियर्वा गा.पा./न.पा. वडा नं.०६ स्थित कि.नं. २०४५ र २०४६ को क्षेत्रफल क्रमश ०-०-१०.२५-० र ०-०-०.७५-० (बि.क.धु) को जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **दिनेश कुमार साह**को नाममा मालपोत कार्यालय, लहान, सिरहामा दर्ता कायम रहेका सिरहा जिल्ला, लक्ष्मीपुर प्र.ध वडा गा.पा./न.पा. नं.०५ स्थित कि.नं. ३२६ को क्षेत्रफल ०-१३-५-० (बि.क.धु) को जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. ऋणी **डि.एम.अटो ट्रेडिङ**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

ख. ऋणीको बिवरण:

कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०५/१६ मा दर्ता नं. २७०१७२/०७८/०७९ कायम भई सिरहा जिल्ला, लहान न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहेको **लहान इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि.** (सञ्चालक राम स्वरुप साहको नाती, दिनेश कुमार साहको छोरा, सिरहा जिल्ला, लक्ष्मिपुर पतारी गा.वि.स/न.पा वडा नं. ०९ बस्ने **कृष्ण कुमार साह** (ना.प्र.नं. १५-०१-७३-०१८६८ जारी मिति २०७३/०२/२८ जिल्ला प्रशासन कार्यालय सिरहा) ।

व्यक्तिगत जमानीकर्ताहरुको बिवरण :

१. दोरिकलाल साहको नाती, राम स्वरुप साहको छोरा, सिरहा जिल्ला, लक्ष्मिपुर पतारी गा.वि.स/न.पा वडा नं. ०९ बस्ने **दिनेश कुमार साह** (ना.प्र.नं. ५५७/१७१६ जारी मिति २०५१/०६/०९ जिल्ला प्रशासन कार्यालय सिरहा) ।
२. दोरिकलाल साहको बुहारी, राम चन्द्र साहको छोरी, दिनेश कुमार साहको पत्नी, सिरहा जिल्ला, लक्ष्मिपुर पतारी गा.वि.स/न.पा वडा नं. ०९ बस्ने **कोशिला देवी साह** (ना.प्र.नं. १५१०३४/७१९ जारी मिति २०६३/१२/०६ जिल्ला प्रशासन कार्यालय सिरहा) ।
३. राम स्वरुप साहको नाती, दिनेश कुमार साहको छोरा, सिरहा जिल्ला, लक्ष्मिपुर पतारी गा.वि.स. वडा नं. ०९ बस्ने **कृष्ण कुमार साह** (ना.प्र.नं. १५-०१-७३-०१८६८ जारी मिति २०७३/०२/२८ जिल्ला प्रशासन कार्यालय सिरहा) ।
४. खटर साह सुडीको नातीनी, अनुप साह सुडीको छोरी, राम स्वरुप साहको पत्नी, सिरहा जिल्ला, लक्ष्मिपुर पतारी गा.वि.स/न.पा वडा नं. ०९ बस्ने **विन्दा साह सुडी**(ना.प्र.नं. ५४२९१७१७ जारी मिति २०४४/१२/२४ जिल्ला कार्यालय सिरहा) ।
५

जनताका लागि राजनीति खोइ ?

जनताका लागि राजनीति गर्न छाडेर दलहरूले अनेक वादैवादको भुलभुलैयामा जनतालाई भुलाउन थाले भने राजनीति जनताबाट टाढिन्छ



● विवेक शर्मा


अग्रलेख

हाम्रो देशका राजनीतिक दलले विभिन्न समय कालमा विभिन्न किसिमका राजनीतिक मुद्दा उठाएर देशलाई राणाशासनबाट राजतन्त्र, राजतन्त्रबाट पञ्चायत व्यवस्था, पञ्चायती व्यवस्थापछि लोकतन्त्र र अहिले लोकतन्त्रबाट संघीय गणतन्त्रात्मक राज्यमा क्रमशः परिणत गराउन सफल भए । यी व्यवस्थालाई संस्थागत गर्न र आमूल परिवर्तन ल्याउन कैयौँ नेपाली सपूतले आफ्नो ज्यानको आहुती दिएर वीर सहिद बने । तर, हाम्रा कैयौँ पुर्खाले ज्यानको आहुती दिए पनि यो देशको इतिहासमा नाम दर्ज हुन सकेन । यस अवधिमा नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी, मधेसी फोरम, जनता समाजवादी पार्टी, लोसपा आदि विभिन्न दलको जन्म भयो । ती दलले विभिन्न समयमा आआफ्ना पार्टीका मुद्दा र चुनावी नारा लिएर जनताबीच गए । तिनै मुद्दाका अधारमा चुनावमा राम्रो मत ल्याएर जनताको सेवा गर्ने मौका पनि पाए, तर जनताले वास्तविक रूपमा भरपर्दा जनसेवक नेता पाउन सकेनन् । नेता नै जनसेवक नभएपछि सरकार जनसेवक बन्ने सम्भावना यसै भएन । जनताले आँखा चिम्लेर नेता र देशको व्यवस्थामाथि विश्वास गर्न सक्ने परिस्थिति कहिल्यै बनेन ।

अरू देश चन्द्रमापछि मंगल ग्रहमा कसरी बसोवास गर्ने भन्ने अनुसन्धानमा लागेका छन् । हाम्रै छिमेकी मुकुक भारत चन्द्रमामा चन्द्रयान पठाउन सफल भयो । चन्द्रयानलगत्तै उसले सूर्यको अनुसन्धान गर्न आदित्य लुना-१ प्रक्षेपण गऱ्यो । तर, हामी नेपाली भने अहिले पनि यो र त्यो वादकै विवादमा अल्झिरहेका छौँ । यही अर्थहीन विवादले गर्दा राज्यले जनतालाई शिक्षा, स्वास्थ्य तथा रोजगारीजस्ता आधारभूत अधिकारसमेत दिन सकेको छैन । तर, राज्यका हर्ताकर्ता र राजनीतिक नेतृत्व भने काम केही गर्न नसकेपछि कुरा भने निकै ठुल्ठूला गर्दै आएका छन् । के यही हो त जनताका लागि गरिएको राजनीति ? यस्तो अर्थहीन राजनीति कहिलेसम्म चल्ने हो, नेताज्यूहरू ? युवालाई देश छोड्नुनपर्ने वातावरण बनाउन पहल गर्छौं भन्ने मन्त्रीहरूले पत्रपत्रिकामा समाचारको 'हेडलाइन मात्र बनाए । तर, देश निर्माणको जनमुखी नीति निर्माण गरी त्यसको कार्यान्वयनमा भने शून्य प्रगति किन ? समस्या कहाँ र किन भयो ? अब जनता जान्न चाहन्छन् । नेतृत्वले जवाफ दिन सक्नुपऱ्यो ।

यो देश र देशवासीलाई बनाउन हामी कहाँनेर चुक्यौँ ? देशको व्यवस्था मात्रै फेरियो, तर देशको अवस्था किन फेरिएन ? देशले विकासको सही गति पक्रन नसक्नुको कारण के हो ? त्यसको समाधान कसरी हुन सक्छ ? विश्वका उदाहरणीय देशले कसरी समृद्धि हासिल गरे ? हाम्रा नेताहरूले त्यसबाट के सिक्ने ? देश निर्माणमा राजनीतिक दल र कर्मचारी कहाँ-कहाँ चुके ? हाम्रो राजनीतिक नेतृत्वलाई नेपाली माटो सुहाउँदो जनमुखी राजनीति गर्न केले कहाँनेर रोकिरहेको छ ? यी र यस्ता कैयौँ प्रश्नको जवाफ हाम्रा राजनीतिक नेतृत्वले जनतालाई दिनैपर्छ ।

हाम्रा दल र तिनका नेतृत्वकर्तासँग नागरिकको जीवनसँग सम्बन्धित मुद्दा नै भएनन् । जनताको दैनिकीसँग जोडिने जनजीविकाका मुद्दा उठाउन नसक्ने दल र नेतृत्वले कसरी जनताको विश्वास जित्न सक्लान् त ? जनताका लागि राजनीति गर्न छाडेर दलहरूले समाजवाद, साम्यवाद, उदारवादलगायत अनेक वादैवादको भुलभुलैमा जनतालाई भुलाउन थाले भने राजनीति जनताबाट टाढिन्छ । पछिल्लो समयमा राजनीतिक दलहरूले यही बाटो समाते र जनतालाई अनेक भुलभुलैमा अल्झाए । हामी जनता पनि उनीहरूका विभिन्न झुटा भुलभुलैयामा विश्वास गरी फस्दै गयौँ । हामी नेपाली अरूको नक्कल गरेर होइन, आफ्नै नेपालमा के-के गर्न सक्छौँ, नागरिकको जीवनसँग सम्बन्धित मुद्दा के-के उठाउन र तिनलाई कार्यान्वयनमा लान सक्छौँ भन्नेतर्फ कहिल्यै सोचेनौँ, कहिल्यै त्यस विषयप्रति ध्यान दिन सकेनौँ । अहिले नेपालमा व्यवस्था परिवर्तन भएको छ, तर पात्र र प्रवृत्ति भने उही पुरानै रहेको छ । यस्तोमा हामी आस भने परिवर्तनको गरिरहेका छौँ । जसले देश र जनतालाई लोकतन्त्र र गणतन्त्र दिए, तिनले नेपालीलाई सुखी बनाउने तन्त्र भने दिन सकेनन् । जनताले अहिले कुनै वाद खोजिरहेका छैनन्, गणतन्त्रको विकल्पमा



राजतन्त्र पनि खोजेका छैनन् । जनताले त 'शिक्षावाद, स्वास्थ्यवाद, रोजगारवाद' खोजेका छन् । जनताले महँगी कम गर्ने वाद खोजेका छन् । जनताले कसरी राज्यबाट भरपर्दो स्वास्थ्य सेवा पाउन सकिन्छ ? त्यो स्वास्थ्यवाद खोजेका छन् । जनताले आफूले तिरेको करबाट राज्यले राम्रो, गुणस्तरीय र विश्वसनीय स्वास्थ्य र शिक्षा जानतालाई निःशुल्क दिन सकोस्, त्यो वाद खोजेका छन् । जनता 'सुरक्षावाद'को खोजीमा छन् । हरेक देशवासी ढुक्क भएर देशको कुनै पनि कुनामा गएर सुरक्षित बसोवास गर्न सकून्, हाम्रा चेलीबेटीहरू निर्धक्क भएर घर फर्किन सकून् । देशवासीले अब जात र रङको राजनीति खोजेका छैनन् । उनीहरू यो देशमा कसरी हिमाली, पहाडी र मधेसी एक ठाउँमा मिलेर बस्न सकिन्छ, त्यो 'मेलमिलापवाद' को खोजीमा छन् ।

> हाम्रा दल र तिनका नेतृत्वकर्तासँग नागरिकको जीवनसँग सम्बन्धित मुद्दा नै भएनन् । जनताको दैनिकीसँग जोडिने जनजीविकाका मुद्दा उठाउन नसक्ने दल र नेतृत्वले कसरी जनताको विश्वास जित्न सक्लान् ?

देशबाट हरेक दिन गुणस्तरीय उच्च शिक्षा हासिल गर्न १२ कक्षा सक्नेबित्तिकै बाहिर जानुपर्ने बाध्यता छ । देशका कर्णाधार भनिने बालबालिका १२ कक्षाको पढाइ सकिएपछि बिदाइको समयमा आआफ्नो सर्टमा खाडीमा भेटौंला भनेर लेख्न बाध्य भएका छन् । यो हामी सबैका लागि चिन्ताको विषय हो । तर, हाम्रा नेताले यस्तो विषयमा कहिले पनि चिन्ता देखाएनन् । नेपालीका लागि योभन्दा दुःखको विषय अरू के नै हुन सक्छ र ? देशमा प्राकृतिकलगायत अन्य स्रोत फालाफाल हुँदाहुँदै पनि राज्यले देशमा रोजगारीको अवस्था सिर्जना गर्न सकिरहेको छैन । योभन्दा ठूलो विडम्बना के नै हुन सक्छ र ? जुन देशमा प्राकृतिक स्रोतको अपार भण्डार रहे पनि देशको विकास गर्न धौधौको अवस्था छ, त्यहाँ जतिसुकै राम्रो राजनीतिक वाद भए पनि, त्यसको कुनै अर्थ हुँदैन । यो सबै अव्यवस्थाको मूल कारण के हो ? यसको मूल्यांकन हामीले कहिले गर्ने ? हाम्रा नेतृत्वकर्ताका कारण हामी बारम्बार छिमेकीबाट हेपिएका छौँ । हाम्रो देशको भूभाग अतिक्रमण गर्दा पनि हाम्रो नेतृत्वले त्यसको खुलेर विरोध गर्न सक्दैन । योभन्दा लाजमर्दो अवस्था अर्को के नै हुन सक्ला र ?

कृषिप्रधान देश नेपालको राजनीतिक बहस कृषि विकासमा केन्द्रित हुनुपर्थ्यो । हाम्रो राजनीतिले 'कृषिवाद'लाई अँगालेर किसानमैत्री नीति ल्याउनुपर्थ्यो । जुन देशका झन्डै ८० प्रतिशत मानिस कृषिमा आश्रित छन्, त्यहाँको राजनीतिले कृषि संस्कृतिको विकास गर्न सक्नुपर्थ्यो । हाम्रो अहिलेको बहस सर्वसुलभ गुणस्तरीय निःशुल्क शिक्षाको विषयमा केन्द्रित हुनुपर्थ्यो । हाम्रो बहस रोजगारीको विषयमा केन्द्रित हुनुपर्थ्यो । हाम्रो राजनीतिक नेतृत्वले नयाँ-नयाँ उद्योगधन्दा खोलेर रोजगारीसँगै निर्यात व्यापार बढाउनुपर्नेमा विभिन्न कालखण्डमा खुलेका कलकारखानासमेत बन्द गराए । उदाहरणका लागि, रौतहटको मध्यभागमा रहेको श्रीराम सुगर मिल्स बन्द हुँदा प्रत्यक्ष र अप्रत्यक्ष गरी ५० हजारभन्दा बढी किसान तथा मजदुरको रोजगारी खोसिएको छ । तर, यो विषयमा हाम्रो नेतृत्वले कुनै चिन्ता लिएको देखिन्न ।

देशको स्वास्थ्य सेवा, खानेपानी, बिजुलीजस्ता आधारभूत विषयमा नबोल्ने राजनीतिले देशको विकास मोडेलबारे बोल्ला, बहस गर्ला र जनतालाई विकाससँग जोड्ला भनेर अपेक्षा गर्नु नै गलत हुन्छ । आज दिन दुईगुना र रात चौगुनाका दरले बढिरहेको महँगीबाट जनतालाई त्राण दिलाउने कुनै औजार र उपाय देखिन्न हाम्रो राजनीतिसित । दल र नेताहरू जनतालाई अलमल्याउने खेलमा रमाइरहेका छन् । सरकार बनाउने र ढाल्ने प्रक्रियामा मात्र सबैको चासो छ । जनताको समस्यामा कसैको चासो छैन । यसरी त कतिन्जेल चल्ला र देश ? आज हामी नेपाली जन्मिनेबित्तिकै विदेशीको ऋणी बनिरहेका छौँ । के नेपालमा जन्मिनेबित्तिकै हामी विदेशीको ऋणमा डुबुनुपर्ने हो ?

बुढा र पुराना दलबाट त जनताले आस मारिसके । आफूलाई वैकल्पिक पार्टी भन्दै जनताको विश्वास जितेर सदनमा पुगेका दल र तिनका नेतृत्व पनि यो पाँच वर्षको अवधिमा भाषणमै मात्र रमाइरहे भने ०८४ को निर्वाचनमा जनताले पक्कै पनि फरक निर्णय लिनेछन् । त्यसैले, पछिल्लो समय मधेसमा उदाएको जनमत पार्टी र पहाडमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वले चर्का भाषण छाडेर जनताको दैनिकीसँग जोडिएका समस्याको समाधानमा लाग्नु जरुरी देखिन्छ । मिसन ८४ मात्र भनेर हुँदैन । त्यसका लागि जनतासँग जोडिने मिसन अगाडि सार्न सक्नुपर्छ । मिसन ०८४ ले दललाई सत्तानिकट पुऱ्याए पनि जनताले भने केही हात पार्नेछैनन् । जनतालाई के ०८४, के ०८९ ? उनीहरूलाई त आधारभूत आवश्यकताको परिपूर्ति चाहिएको छ । सत्ता र प्रतिपक्षको रडाकोले देशवासीको समस्या सामाधान हुने होइन । सत्ता वा प्रतिपक्षमा जहाँ भए पनि 'डेलिभरी'को राजनीतिको सुरुवात गर्नु आजको आवश्यकता हो । अब पनि यो वाद, त्यो वाद या अन्य कुनै भुलभुलैयामा जनतालाई फसाउने छुट नयाँ या पुरानो, कुनै पनि दललाई छैन ।

(शर्मा लेखक तथा शैक्षिक अभियन्ता हुन्)

३ प्रश्न

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका पूर्वमहानिर्देशक **जीवनप्रकाश सिटौला**लाई



नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'मा राख्ने चेतावनीले के प्रभाव पार्छ ?

यदि हामी 'ग्रे लिस्ट'मा पर्‍यौं भने यसले देशको इकोनोमीलाई नै असर गर्न सक्छ । विश्व बैंकजस्ता सहयोगी दाता तथा वित्तीय संस्थाहरूले हामीलाई दिँदै आएको सहयोगमा 'रिजर्भेसन' हुन सक्छ । यसले समग्र बाह्य लगानीलाई असर गर्न सक्छ । ग्रे लिस्टमा पर्दा 'ब्ल्याक लिस्ट'जस्तो पूर्ण असर नगरे पनि यसले नेपाललाई हेर्ने दृष्टिकोण र यसलाई गर्ने सहयोगमा भने पक्कै नकारात्मक प्रभाव पार्छ ।

सम्पत्ति शुद्धीकरणको विषयमा हामी कहाँकहाँ चुकिरहेका छौँ ?

सम्पत्ति शुद्धीकरणसम्बन्धी मामिला हेर्ने अन्तर्राष्ट्रिय कार्यदल (एफएटिएफ) ले कानुनी पक्षमा सुधार नगरे नेपाललाई ग्रे लिस्टमा राख्ने चेतावनी दिएको हुनाले हामी सबैभन्दा बढी प्रभावकारी ऐन निर्माण र कार्यान्वयनमा चुकिरहेका छौँ । भएका नीति कार्यान्वयन तहमा पनि हाम्रा केही कमी-कमजोरी छन् । नीति कार्यान्वयनमा राष्ट्र कति प्रतिबद्ध छ भन्ने पक्षबाट पनि उनीहरूले मूल्यांकन गरिरहेका हुन्छन् । यसमा उनीहरूले राम्रो अवस्था पाएनन् । हाम्रा ऐन, कानुन र तिनका प्रावधान प्रभावकारी भएनन् भनेर उनीहरूले कैफियत सच्याउन समय दिएका हुन् । दिइएको समयसीमाभित्र हामीले काम गरेर देखाउन सक्नुपर्छ ।

यसमा सुधारका के-कस्ता सम्भावना छन् ?

यसमा राष्ट्र बैंकजस्तो नियामक निकायले गर्नुपर्ने सुधारका कामहरू छन् । अनुसन्धान गर्ने निकायले पनि सुधार्नुपर्ने पक्ष छन् । हाल यससम्बन्धी ऐन संसद्मा छ । त्यसमाथि छलफल चलिरहेको छ । यो ऐन पास भएर त्यसमा समेटिएका प्रावधान कार्यान्वयनमा आएपछि ग्रे लिस्टबाट जोगिन सकिन्छ ।

प्रेरक प्रसंग

आत्मविश्वासको परिणाम

न्युयोर्कमा एडवार्ड ऐनिस नामक एक व्यक्ति बस्थे । उनमा धर्मकर्म र ईश्वरीय अस्तित्वमाथि अत्यन्त विश्वास थियो । तर, आफन्तमाझ भने उनी नै सबैभन्दा निर्धन थिए । गरिबीका बाबजुद उनमा अत्यन्त धेरै आत्मविश्वास थियो । यस गुणका कारण सबैले उनलाई सम्मान गर्थे । निर्धनताकै अवस्थामा उनको जिन्दगीको महत्त्वपूर्ण हिस्सा बित्यो । एकदिन उनी कुनै स्थान हुँदै कतै गइरहेका थिए । त्यत्तिकैमा उनलाई त्यस स्थानमा बहुमूल्य धातु र पर्याप्त सुन भएको आभास भयो । उनले एक ज्योतिषसित पनि यस विषयमा सल्लाह गरे । ज्योतिषले पनि आत्मविश्वासमाथि नै जोड दिए । उनले भने- मेरा हृदय र आत्मा यति निष्कलंक र विकाररहित छन् कि तिनमा भविष्यबारे यस्ता सन्दर्भ ठीक त्यसैगरी देखिन्छन्, जसलाई मैले प्रत्यक्ष देखिरहेको छु । जब मेरो विश्वास दृढ हुन्छ भने त्यसमा सफलताको कुनै सन्देह हुँदैन । ऐनिससित धन त थिएन । तैपनि, उनले तमाम आवश्यक साधन एकत्रित गरेर केही मित्रको सहयोगबाट सो जमिन किने । जमिन हात पर्नासाथ उनले त्यहाँ खन्न सुरु गरे । तर, खन्दै जाँदा उनले केही टुक्रा चाँदी मात्र हात पारे । त्यसको केही समयपछि नै उनको मृत्यु भयो । मृत्युअघि उनले आफ्नो एक सन्देशमा भनेका थिए- जुन कुरा आत्मैदेखि निस्किन्छ, त्यो कहिल्यै झुटो हुँदैन । भलै मैले केही भेटिनँ, तर यस स्थानमा सुन अवश्यै भेटिनेछ ।



ऐनिसको मृत्युको १६ वर्षपछि उनकी पत्नी मार्या मारले, जसलाई पतिको आत्मविश्वासमाथि भरोसा थियो, उनले पुनः खन्ने कार्यलाई निरन्तरता दिइन् । ६ सय फिटसम्म खनेपछि त्यहाँ सुन, चाँदी, तामा र जिंकको भण्डार भेटियो । यसबाट मार्यालाई कैयौँ लाख डलरको लाभ भयो । आफ्नो यस सफलतामा मार्याले केवल यति नै टिप्पणी गरिन्- आत्मविश्वास आफैँमा एउटा ज्योतिष हो, यस्ता मानिसले भलै आफ्ना लागि केही गर्न सकेनन् भने पनि अन्यको कल्याण भने अवश्यै गर्नेछन् ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

बेरोजगारीको पीडा

सायद स्वदेशमै भरपर्दो रोजगारीको ग्यारेन्टी हुन्थ्यो भने कुनै पनि नेपाली युवा विदेशी सेनामा भर्ती हुन जाँदैनथ्यो होला । घरको गरिबी र बेरोजगारीको पीडाले नेपाली युवालाई युद्धरत रुस या युक्रेनको सेनामा भर्ती हुन बाध्य बनाएको हुनुपर्छ । अहिले रुसी सेनामा रहेका ६ नेपाली युवाको मृत्यु भएको समाचार आइरहेको छ । तत्कालका लागि तिनको शव नेपाल ल्याउन पहल गर्नु जरुरी छ । त्यसपछि आगामी दिनमा कुनै पनि नेपाली द्वन्द्वरत कुनै पनि मुलुकको सेनामा भर्ती हुने अवस्था नआओस् भन्नेतर्फ राज्यदेखि स्वयं युवासमेत सचेत हुनु जरुरी छ । आफ्नो देशको सीमारक्षामा लड्दा मृत्यु भयो भने त्यो गौरवको विषय हुन्छ भने अर्काको सीमारक्षामा लड्दा ज्यान गुमाइयो भने बेवारिसे बन्न पुगिन्छ । यसतर्फ सबैको ध्यान जाओस् ।

● **सुनयना बम्जन**, नयाँबस्ती, काठमाडौं

प्रतिबन्ध किन लगाएको त ?

प्रधानमन्त्री प्रचण्डले टिकटकमाथि लगाइएको प्रतिबन्ध हटाउने संकेत गरेको समाचार पढियो । अहिले आएर प्रतिबन्ध हटाउन सकिने संकेत गर्ने सरकारले उतिखेरचाहिँ किन प्रतिबन्ध लगाएको त ? के उतिखेरचाहिँ नियमनको सम्भावना देखिन्नथ्यो ? के उतिखेरचाहिँ नियमनकारी ऐन ल्याएर सबै सामाजिक सञ्जाललाई नियमनको दायराभित्र राख्न सकिन्नथ्यो ? सकिन्थ्यो भने त्यसरी हतारहतार प्रतिबन्ध नै लगाउने निर्णय गर्नुपर्ने बाध्यता किन आइपऱ्यो ? के सरकारले यसको चित्तबुझ्दो जवाफ दिन सक्छ ?

● **सुमना विक**
इमाडोल, ललितपुर

अस्पतालमा भाँडभैलो किन ?

सरकारले सरकारी अस्पतालका प्रमुखहरूलाई विनाकारण धमाधम हटाउँदै गरेको समाचार पढेपछि केही लेख्न मन लाग्यो । यसरी सरकारी अस्पतालका प्रमुख हटाएर तिनलाई निमित्तका भरमा छाड्नुपर्ने सरकारलाई के बाध्यता आइलाग्यो ? के ती स्थानमा आफ्ना आसेपासेलाई नियुक्ति दिन यसो गरिएको हो ? होइन भने प्रमुख सरकारी अस्पतालका प्रमुखलाई विनाकारण किन हटाइँदै छ ? यसबाट सरकारी अस्पतालको सेवा प्रवाहमा समस्या उत्पन्न भयो भने त्यसको जिम्मेवार को हुन्छ ? यसतर्फ सोच्नुपर्दैन ?

● **पूर्ण बलम्पाकी**
दधिकोट, भक्तपुर

प्रतिगमनकारीहरूको दिवास्वप्न

१८ मंसिरको नयाँ पत्रिकामा रोशन जनकपुरीको 'प्रतिगमनकारीहरूको बढ्दो चलखेल' शीर्षकको लेख पढेँ । मलाई यो लेखभन्दा पनि बढी उम्दा यसमा राखिएको चित्र लाग्यो । प्रतिगामी बिरुवाको मलजल परोक्षबाट मात्र होइन, काँध थापेर पनि गरियो । त्यसको बीजारोपण गिरिजाप्रसाद कोइरालाले गरेका थिए । जब ०४६ को आन्दोलनको सफलतापश्चात् टुँडीखेलको मञ्चबाट यो पञ्चहरूको पनि जित हो भनेपछि जनताको हुँटिडबाट बचाउन गणेशमान सिंह नै अगाडि उभिनुपरेको थियो ।

लेखक यदि किसान हुन् भने उनलाई थाहा हुनुपर्छ, धानको गोडमेल गर्ने वेलामा धानजस्तै देखिने भोजपुरीमा 'झारंग' भनिने झार पनि उखेलेर फ्याँक्नुपर्छ । तर, यहाँ त झारंगलाई आफ्नै पार्टीमा भित्र्याइयो, जसलाई 'चैते कांग्रेस' भनियो । यति मात्र होइन, यो जित पञ्चको पनि हो भन्दै उनीहरूको नेतृत्वलाई पनि गणतन्त्रमा स्वीकार गरियो । अहिले जे भइरहेको छ, त्यो त्यसैको परिणाम हो । दुर्गा प्रसाईंले प्रतिगमन गर्न सक्ने कल्पना पनि नगरे हुन्छ । ज्ञानेन्द्र शाहलाई न लुई जस्तो गरियो न त शाह पहेलवी जस्तो । त्यसको नतिजा त सबैले भोग्नैपर्छ ।

महेश बस्नेतलाई अगाडि सारेर प्रसाईंलाई ओलीले 'हाइलाइट' गरिदिएका छन् । केही भद्किएका युवाले छिटै वास्तविकता बुझ्नेछन् । राजतन्त्रमा दुःख भोगेका थुप्रै जनता जीवित छन् । अतः दुर्गा प्रसाईंले राजतन्त्र फर्काउने दिवास्वप्न नदेखून् ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

किसिन्जरको नोबेल शान्ति पुरस्कारमाथि प्रश्न

हेनरी किसिन्जरको विरासतले अमेरिकी साम्राज्यवादी नीति सही हो भन्ने स्थापित गराइदिएको छ



देश / विदेश

● अहमद तवैज

अमेरिकी पूर्वसुरक्षा सल्लाहकार एवं विदेशमन्त्री हेनरी किसिन्जरले सय वर्ष बाँचेर 'कुनै पनि दुष्ट न सय वर्ष टिक्न सक्छ, न कुनै शरीरले झेल्न सक्छ' भन्ने स्पेनी भनाइलाई गलत साबित गरेका छन् । सय वर्ष पूरा गरेर अन्ततः यही २९ नोभेम्बरका दिन किसिन्जरको मृत्यु भयो । मृत्युपश्चात् विश्वका विभिन्न सञ्चारमाध्यम उनको मरणोपरान्त प्रशंसाले भरिएका छन् र केहीले भने उनको प्रशंसामा 'विवादास्पद' छवि पनि उल्लेख गरेका छन् । किसिन्जरका अत्याचारलाई धोइपखालीको प्रयास भइरहँदा हामीले उनको वास्तविकता बिर्सनुहुँदैन । येल विश्वविद्यालयका इतिहासकार ग्रेग ग्र्यान्डिनको पुस्तक 'किसिन्जर्स स्याडो'अनुसार किसिन्जर सन् १९६९ देखि १९७७ को अमेरिकी विदेशमन्त्री र सुरक्षा सल्लाहकार पदमा रहँदा ३० देखि ४० लाख मानिसको हत्याका लागि प्रत्यक्ष रूप जिम्मेवार थिए । सोभियत संघलाई नियन्त्रणमा लिने र विश्वभर कम्युनिस्ट प्रभाव रोक्ने अमेरिकी सूत्रधारका रूपमा किसिन्जर परिचित छन् । यसका लागि उनले 'कूटनीति होइन, बमबारी गर्नुपर्छ' भन्ने नीति अघि सारेका थिए । र, यसले आधुनिक इतिहासकै नृशंसमध्येका बमबारी निम्त्यायो ।

यो नीतिलाई सबैभन्दा पहिला भियतनाम युद्धमा प्रयोग गरियो । राष्ट्रपति रिचर्ड निक्सनका पालामा सुरक्षा सल्लाहकार हुँदा उनले भियतनाम मात्रै नभई छिमेकी कम्बोडियामा समेत अन्धाधुन्ध बमबारी गर्न उक्साएका थिए । खुलासा भएको पेन्टागनको गोप्य प्रतिवेदनअनुसार सन् १९६९ को सैन्य आक्रमणमा किसिन्जर आफैँले तीन हजार आठ सय ७५ हवाई हमलाको स्वीकृति दिएका थिए, जहाँ कम्बोडियामा पाँच लाख ४० हजार टन बम खसालिएको थियो । आजका मितिमा पनि त्यसवेला विस्फोटन नभएका बमका कारण निर्दोष मानिसले ज्यान गुमाइरहेका छन् । यी अन्धाधुन्ध बमबारीले कम्युनिस्टलाई रोक्न सकेन, बरु तिनलाई भियतनाम र कम्बोडियाको सत्तामा पुग्न सहज बनाइदियो । कम्बोडियाको खमेररुज सत्तामा पुगेपछि त्यहाँ १५ देखि २० लाख मानिसको नरसंहार भयो । कम्बोडियाली जनताको पीडालाई देखेर चर्चित अमेरिकी सेफ एवं टेलिभिजन कार्यक्रम सञ्चालक एन्थोनी बाउर्डेनले 'यदि तपाईं कम्बोडिया पुग्नुहुन्छ भने हेनरी किसिन्जरलाई हातैले भए पनि पिटेर हत्या गरिदिऊँ भन्ने सोचबाट आफूलाई रोक्न सक्नुहुन्न' भनेर लेखेका थिए ।

सन् १९७३ मा दक्षिणपूर्वी एसियाको युद्धमा निर्वाह गरेको भूमिकाका लागि किसिन्जरलाई नोबेल शान्ति पुरस्कार दिने घिनलाग्दो निर्णय भयो । यो त्यही युद्ध हो, जहाँ किसिन्जरले राष्ट्रपति निक्सनलाई गोप्य रूपमा अमेरिका र भियतनामबीचको शान्ति सम्झौता बिथोल्न लगाएका थिए । यो त्यही युद्ध हो, जहाँ उनले अमेरिकी विजयका लागि थप बल प्रयोग नगरेकोमा पश्चात्ताप व्यक्त गरेका थिए । यो शान्ति पुरस्कार किसिन्जरबाट पीडित तमाम मानिसमाथि लगाइएको चड्कन हो र पश्चिमा मुलुकले आफ्ना युद्ध अपराधीलाई जवाफदेही बनाउँदैन भन्ने एक दृष्टान्त पनि हो । किसिन्जरका अपराधको फेहरिस्त भियातनाम र कम्बोडियामा मात्रै सीमित छैनन् । सन् १९७० को सुरुवाती वर्षमा दक्षिण एसियामा सोभियत संघतर्फ ढल्किएको भारतले अमेरिकी साझेदार पाकिस्तानलाई युद्धमा तहसनहस नपरोस् भन्नका लागि किसिन्जरले इस्लामावादलाई सहयोग गरेका थिए । उनले इस्लामावादको सैन्य बललाई तत्कालीन पूर्वी पाकिस्तान (हालको बंगलादेश) का बंगाली नागरिकको नरसंहार गर्न हतियारबन्द जहाज पठाएका थिए । त्यसैगरी सन् १९७५ मा पूर्वी टिमोरको कम्युनिस्टनिकट



तस्बिर : मिसेल लिपचिज/एपी

फ्रेटिलिन सरकार ढाल्न इन्डोनेसियालाई अतिक्रमण गर्न सहयोग गरेका थिए । त्यसक्रममा दुई लाखभन्दा बढीको नरसंहार भएको थियो । सन् १९९९ सम्म इन्डोनेसियाले गरेको अतिक्रमणमा प्रशान्त क्षेत्रको करिब २० प्रतिशत जनसंख्याको सफाया भएको थियो ।

ल्याटिन अमेरिकी क्षेत्रमा भएका दक्षिणपन्थी शक्ति र तिनका कु एवं गम्भीर मानवअधिकार उल्लंघनमा पनि किसिन्जरको समर्थन थियो । सन् १९७३ मा चिलीको निर्वाचित राष्ट्रपति साल्भाडोर एलेन्देको सरकारलाई अपदस्थ पार्न र त्यसको तीन वर्षपछि अर्जेन्टिनाको इसाबेल पेरोनको सरकार ढाल्नमा किसिन्जरकै भूमिका थियो । सन् २०१६ मा अमेरिकी राष्ट्रपति बाराक ओबामाले अर्जेन्टिनामा भएको 'फोहरी युद्ध'का लागि खेद व्यक्त गरेका थिए । तर, दुई महिना बित्न नपाउँदै ओबामा प्रशासनले युद्धका सूत्रधार किसिन्जरलाई 'प्रतिष्ठित जनसेवा' पुरस्कार दिएको थियो ।

किसिन्जरले मध्यपूर्वमा पनि शान्ति बिथोलेका थिए । मस्कोले अघि सारेको इजरायल-अरबबीचको शान्ति सम्झौता मात्रै नभई वासिंगटनले प्रस्ताव गरेको शान्ति सम्झौतासमेत बिथोलेका थिए । इजरायलका कट्टर समर्थक भए पनि किसिन्जर यहुदीप्रति अमानवीय थिए । उनले राष्ट्रपति निक्सनलाई एकपटक सोभियत संघले आफ्नो मुलुकको ग्यास च्याम्बरमा त्यहाँका यहुदीलाई डढाए पनि त्यो अमेरिकाको चासो नहुने बताएका थिए । कार्यकाल समाप्तिपछि पनि उनले आफ्ना पुस्तक, अन्तर्वार्ता र अमेरिकी अधिकारीलाई दिने सुझावमा हत्या र विनाशका लागि प्रोत्साहन गर्थे ।

एक इराकीका नाताले इराकविरुद्धको बुस प्रशासनको युद्धमा खेलेको भूमिकाका कारण म किसिन्जरलाई अपराधी देख्छु । बुसले किसिन्जरकै 'विस्मय र आघात' सुझावलाई रणनीति अपनाएर इराकी नागरिकमाथि अन्धाधुन्ध बमबारी गरेका थिए । मृत्यु हुनुभन्दा केही समयअगाडि पनि किसिन्जरले गाजामाथि भइरहेको आततायी युद्धको समर्थनमा बोलेका थिए । किसिन्जरको विरासतले अमेरिकी साम्राज्यवादी नीति सही हो भन्ने बनाइदिएको छ । अमेरिकी 'राष्ट्रिय स्वार्थ'का निम्ति लाखौँ मानिसको ज्यान लिनु पनि जायज हो भन्ने बनाइदिएको छ । अहिले हामी गाजामा यही नीतिको साक्षी बनिरहेका छौँ । विडम्बना, यत्रो अपराध गर्दा पनि किसिन्जरको मरणोपरान्त स्तुति गाइँदै छ ।

(तवैज स्वतन्त्र पत्रकार एवं सिनेकर्मी हुन्)
अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय वीरगंज, पर्साको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०८/२० गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय वीरगंज, पर्साबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा ओप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य कार्यालय वीरगंज पर्सामा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०५०/०६/२६ मा प्रा.फ.र.नं. १२४७४/०६०/६१ स्थानीय व्यापार कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./म.न.पा. वडा नं. ८, स्थित **विशाल ज्वेलर्स** **प्रोप्राइटर : ओम प्रकाश सर्राफ**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. राम चन्द्र साह सर्राफको नाति, शम्भु लाल सर्राफको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./म.न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **ओम प्रकाश सर्राफ (ना.प्र.प.नं. १६०३२०५७४, पर्सा)**
२. शम्भु लाल सर्राफको बुहारी, ओम प्रकाश सर्राफको पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./म.न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **ममता देवी सर्राफ (ना.प्र.प.नं. ३४-०१-७०-०८०३८, पर्सा)**
३. राम चन्द्र साह सर्राफको बुहारी, शम्भु लाल सर्राफको पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **शान्ति देवी (ना.प्र.प.नं. २२९५, पर्सा)**
४. राम चन्द्र साह सर्राफको नाति, शम्भु लाल सर्राफको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./म.न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **जय प्रकाश सर्राफ (ना.प्र.प.नं. १६०३२०५७३, पर्सा)**
५. शम्भु लाल सर्राफको बुहारी, जय प्रकाश सर्राफको पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./म.न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **प्रतिमा देवी सर्राफ (ना.प्र.प.नं. ३४-०१-७०-०८०३१, पर्सा)**
६. शम्भु लाल सर्राफको नाति, ओम प्रकाश सर्राफको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./म.न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **मनिष कुमार सर्राफ (ना.प्र.प.नं. ३४-०१-७०-१३१७३, पर्सा)**

नेपाल सरकार
सहरी विकास मन्त्रालय
काठमाडौं उपत्यका विकास प्राधिकरण
जिल्ला आयुक्तको कार्यालय
अनामनगर, काठमाडौं

बोलपत्र छनौट गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित : २०८०/०८/२०

यस कार्यालयबाट मिति २०७९/०७/०२ गते बिहीबार अन्तपुर्ण राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं	ठेक्का नं.:	कामको विवरण र स्थान	निर्माण व्यवसायीको नाम,ठेगाना	कबोल अङ्क (भ्याट र पि एस बाहेक)
१	DCOKTM/ RW/080/81/01	Various Road Improvement Works at Various Places of Budhanilkantha Municipality-06 &08, Kathmandu	M/S Jalpari Construction and Suppliers Pvt.Ltd, Kathmandu	५६५१२३०।५०
२	DCOKTM/ RW/080/81/02	Various Road improvement works at Various Places of Chandragiri Municipality-14, Kathmandu	M/S Selexana Construction, Chandragiri Na.Pa. 12	४९९८९८२।५०
३	DCOKTM/ RW/080/81/03	Various Road Improvement Works at Various places of Nagarjun Municipality-04,06 &07, Kathmandu	M/S Bhattarai Naya Gaun Nirman Sewa Pvt. Ltd, Sindhupalchowk	५०७३१८६।००
४	DCOKTM/ RW/080/81/04	f v Various Road Improvement works at various places of Nagarjun Municipality-01,10,9,7,Chandragiri-13 & KMC 14, Kathmandu	M/S Deupur Nirman Sewa, Kavrepalanchowk	६४३९२८१।००
५	DCOKTM/ RW/080/81/05	Various Road Improvement Works at Various Places of Kirtipur Municipality-10,8 &09, Kathmandu	M/S Satungal Construction Sewa, Kirtpur Na.Pa.	४७४७७००।००
६	DCOKTM/ RW/080/81/06	Various road Improvement Works at Various Places of Kirtipur Municipality-04&05,Chandragiri Municipality 09, Kathmandu	M/S Kalesto Builders and Engineers Pvt.Ltd, Kirtipur Municipality	४३०२७४५।५०
७	DCOKTM/ RW/080/81/08	Various road Improvement Works at Various places of Tarkeswar Municipality-5,6 & 7, Kathmandu	M/S Jalpari Construction and Suppliers Pvt.Ltd, Kathmandu	६५०७९४७।००
८	DCOKTM/ RW/080/81/09	Various road Improvement Works at Various places of Kirtipur Municipality-04, Kathmandu	M/S Ab Construction, Kirtipur Na.Pa.	५९५३६३८।५०

जिल्ला आयुक्त

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०८/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा लिंदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रक्रीया अगाढी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने माहानुभावहरुलाई समेत कालो सूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी तथा सम्बन्धित पक्षहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

सिराहा शाखा, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.र.नं. ४७९२/०७२/७३ अन्तर्गत मिति २०७२/१०/२१ मा दर्ता कायम भएको **दिपेश हार्डवेयर ट्रेडर्स** फर्म दर्ता ठेगाना : नरहा - ७, सिराहा स्थायी लेखा नं. ६०३८७३३६८, मिति २०७२/१०/२४ **प्रोप्राइटर : रंजित कुमार यादव** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**रंजित कुमार यादव** ना.प्र.नं. १५३०७१/४३० जारी मिति २०६३/१०/२३, जि.प्र.का. सिराहा बाबुको नाम : चन्देश्वर यादव बाजेको नाम : गोसाई यादव स्थायी ठेगाना : वर्छवा - ९, सिराहा	**अन्जु कुमारी यादव** ना.प्र.नं. ८२५४, जारी मिति २०६५/०५/०१ जि.प्र.का. सिराहा बाबुको नाम : चन्देश्वर यादव पतिको नाम : रंजित कुमार यादव ससुराको नाम : चन्देश्वर यादव स्थायी ठेगाना : गौरीपुर - २, सिराहा

व्यक्तिगत जमानत दिनेको विवरण

पुर्नी देवी यादव ना.प्र.नं. ०८६९१२००, जारी मिति २०४४/१२/०५, जि.प्र.का. सिराहा बाबुको नाम : मनक यादव पतिको नाम : चन्देश्वर यादव ससुराको नाम : गोसाई यादव स्थायी ठेगाना : वर्छवा - ९, सिराहा	**चन्देश्वर यादव** ना.प्र.नं. ०८६९११९९ जारी मिति २०३८/१२/०९, जि.प्र.का. सिराहा बाबुको नाम : गोसाई यादव बाजेको नाम : कुनाई यादव स्थायी ठेगाना : वर्छवा - ४, सिराहा	**प्रदिप कुमार यादव** ना.प्र.नं. ६५१३/६३ जारी मिति २०६३/०२/१८ जि.प्र.का. सिराहा बाबुको नाम : चन्देश्वर यादव बाजेको नाम : गोसाई यादव स्थायी ठेगाना : वर्छवा - ९, सिराहा

धितोको विवरण

घरजग्गाको विवरण

१. कुनाई यादवको नाति, गोसाई यादवको छोरा, चन्देश्वर यादवको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला, वर्छवा गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ३९२, ३९४, ३००४ र ३००५ को क्षेत्रफल क्रमशः ०-२-१८.५-०, ०-०-१६-०, ०-०-४-० र ०-६-१६-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. गोसाई यादवको नाति, चन्देश्वर यादवको छोरा, रंजित कुमार यादवको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला, नरहा गा.वि.स./न.पा. वडा नं. ६ क स्थित कित्ता नं. ३१४० को क्षेत्रफल ०-०-६-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. मनक यादवको छोरी, गोसाई यादवको बुहारी, चन्देश्वर यादवको पत्नी, पुर्नी देवी यादवको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला, चन्द्रयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ८ ख स्थित कित्ता नं. ३०९९ को क्षेत्रफल ०-८-१८-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. मनक यादवको छोरी, गोसाई यादवको बुहारी, चन्देश्वर यादवको पत्नी, पुर्नी देवी यादवको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला, वर्छवा गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ३२७५ को क्षेत्रफल ०-०-१८-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

अछाम शाखा, अछाम

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, अछाममा प्रा.फ.र.नं. १४५७/०७०/०७१ अन्तर्गत मिति २०७०/०६/०१ मा दर्ता भएको **त्रिवेणी इन्टरप्राइजेज**
फर्म दर्ता ठेगाना : मंगलसेन - ५, अछाम
स्थायी लेखा नं. ३०४३४२५८७
प्रोप्राइटर : जगत देवी कुंवर
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

जगत देवी कुंवर ना.प्र.नं. ७/१७१८, जारी मिति २०४४/१२/२२, जि.प्र.का. अछाम बाबुको नाम : देव बहादुर विष्ट पतिको नाम : मदन बहादुर कुंवर ससुराको नाम : धर्म सिंह कुँवर स्थायी ठेगाना : मंगलसेन - ४, अछाम	**मदन बहादुर कुँवर** ना.प्र.नं. ११७१, जारी मिति २०४०/०२/२५ जि.प्र.का. अछाम बाबुको नाम : धर्म सिंह कुँवर बाजेको नाम : मनि राज कुँवर स्थायी ठेगाना : मंगलसेन न.पा. - ३, अछाम	**निर्मला कुमारी कुँवर** ना.प्र.नं. ६९-०१-६९-०२७९४ जारी मिति २०६९/०८/०६, जि.प्र.का. अछाम बाबुको नाम : मदन बहादुर कुंवर बाजेको नाम : धर्म सिंह कुँवर स्थायी ठेगाना : मंगलसेन - ४, अछाम

धितोको विवरण

जग्गाको विवरण

१. देव बहादुर विष्टको छोरी, धर्म सिंह कुँवरको बुहारी, मदन बहादुर कुवँरको पत्नी, जगत देवी कुँवरको नाममा मालपोत कार्यालय, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, बनकटवा न.पा./गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १२९४ को क्षेत्रफल ३३८.६३ व.मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. मनि राज कुवँरको नाति, धर्म सिंह कुवँरको छोरा, मदन बहादुर कुवँरको नाममा मालपोत कार्यालय, टीकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मनिकापुर न.पा./गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ७८१ र ७८३ को क्षेत्रफल क्रमशः ५७५६.७१ र १०१५.८९ व.मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

कुपण्डोल शाखा, ललितपुर

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. ११२९१९/०७०/०७१ अन्तर्गत मिति २०७०/०५/०२ मा दर्ता कायम भएको र प्रदेश सरकार, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, काठमाडौंमा प्रा.फ.र.नं. ३-३५-३८२-३०८८/२०७८/७९ अन्तर्गत मिति २०७९/०२/०३ मा दर्ता कायम भएको **गुडलक फेसन वेयर** फर्म दर्ता ठेगाना : का.म.न.पा. - ३०, भोटाइटी, काठमाडौं स्थायी लेखा नं. ६०१३९३७३६, मिति २०७०/०६/०३ **प्रोपाइटर : जीवनराज पन्त** **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**जीवनराज पन्त** ना.प्र.नं. ३६६३, जारी मिति २०५४/०१/०८ जि.प्र.का. बाग्लुङ बाबुको नाम : इन्द्रराज पन्त बाजेको नाम : भुमिराज पन्त स्थायी ठेगाना : मुलपानी - ६, बाग्लुङ	**अस्मिता पन्त** ना.प्र.नं. ५०१००१/३१२ जारी मिति २०६३/११/२४, जि.प्र.का. बाग्लुङ बाबुको नाम : कुल बहादुर बोहोरा पतिको नाम : जीवनराज पन्त ससुराको नाम : इन्द्रराज पन्त स्थायी ठेगाना : बाग्लुङ - ५, बागलुङ

धितोको विवरण

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
TATA Tigor XZ+	बागमती प्रदेश - ०१ ०२५च ९८१९	२०२१	REVTRN08DYXK37847	MAT629303MKD30881

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्र साथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधिभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्तावाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्र बापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैकलाई चित्त बुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० मंसिर २६ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८० मंसिर २७ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालय

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय पुरानो पर्साको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/२० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पुरानो पर्साबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

ऋणीको विवरण:

गज बहादुर पुन/अम्बिका पुनको नातिनी, कुम बहादुर पुन/चित्र कला पुनको छोरी, जीत बहादुर तमाङ/जुठी माया तमाङको बुहारी, पूर्ण सिहं तमाङको पत्नी, चितवन जिल्ला, राप्ती न.पा , वडा नं. १२ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा, वडा नं. ०६ बस्ने **कल्पना तमाङ** (ना.प्र.नं. १६६३/०६१, जारी मिति २०६१/०३/२९, जिल्ला प्रशासन कार्यालय चितवन) ।

वयक्तिगत जमानीकर्ताहरुको बिवरण :

१. प्रमान तमाङ/सुन्तली तमाङको नाति, जीत बहादुर तमाङ/जुठी माया तमाङको छोरा, कल्पना तमाङको पति, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स., वडा नं. ०८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा, वडा नं. ०६ बस्ने **पूर्ण सिहं तमाङ** (ना.प्र.नं. १२७८/०५८, जारी मिति २०५८/१०/१०, जिल्ला प्रशासन कार्यालय चितवन) ।
२. बल बहादुर तमाङको नातिनी, श्रीमान तमाङ/तुला देवी तमाङको छोरी, प्रमान तमाङ/सुन्तली तमाङको बुहारी, जीत बहादुर तमाङको पत्नी, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स., वडा नं. ०५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा, वडा नं. ०६ बस्ने **जुठी माया तमाङ** (ना.प्र.नं. १२८४, जारी मिति २०३९/११/०३, जिल्ला प्रशासन कार्यालय चितवन) ।

धितो सुरक्षणको विवरण :

१. **जुठी माया तमाङ**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, राप्ति नगरपालिका वडा नं. ०९, (साबिक चितवन जिल्ला बिरेन्द्रनगर गा.वि.स/न.पा वडा नं. ५/ख) स्थित कित्ता नं. ६४ को जग्गा क्षेत्रफल ०-१०-० (ब.क.धु) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय पुरानो पर्सा फोन नं. ०५६- ५८२६३९/४९

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०९/१० गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय भुमहीबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण:
१) **ऋणीको नाम : राजमति तेली** बाबुको नाम : केदार तेली पतिको नाम : बलिराम तेली ससुराको नाम : वेचन तेलि ठेगाना : स्वाठी-०३, नवलपरासी हाल : सुनवल-०२, नवलपरासी ना.प्र.नं. : ३६३०७४/१०९, जारी मिति : २०६३/१०/२९ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा** **कर्जा लिएको शाखा : भुमही** **जमानीकर्ताको विवरण:** **क) नाम : बलिराम तेली** बाबुको नाम : वेचन तेली बाजेको नाम : फागु तेली ठेगाना : स्वाठी-०९, नवलपरासी हाल : सुनवल-०२, नवलपरासी ना.प्र.नं. : ३६३१२, जारी मिति : २०५३/०१/१७ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी	**ख) नाम : रेशम राज गुप्ता** बाबुको नाम : बलिराम तेली बाजेको नाम : वेचन तेली ठेगाना : सुनवल-०२, नवलपरासी ना.प्र.नं. : ३६-०१-७२-०७१०४ जारी मिति : २०७२/११/१२ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी **ग) नाम नाम : मुकेश गुप्ता** बाबुको नाम : बलिराम तेली बाजेको नाम : वेचन तेली ठेगाना : सुनवल-०२, नवलपरासी ना.प्र.नं. : ३६-०१-७४-०८६२१ जारी मिति : २०७४/११/१७ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी **सुरक्षणमा रहेको हितोको विवरण:** श्री मालपोत कार्यालय परासी, नवलपरासीमा श्री राजमति तेलीको नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाठी-३ स्थित कि.नं. २६ र ३४६ को क्षेत्रफल क्रमशः ८९.०० र ५०.८० व.मी. को घर/ जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०६४-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०६४-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय भुमहीमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदातालै उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

लम्पी स्किनपीडितले अझै पाएनन् राहत

५७ हजार पशुधन क्षति भएका किसान पाँच महिनादेखि सरकारको उपेक्षामा, आन्दोलन गर्ने चेतावनी

भोजराज भण्डारी/नयाँ पत्रिका

सिन्धुली मूलकोटका कृषक रमेश बस्नेतले दुईवटा दुहुना जर्सी गाई लम्पी स्किन संक्रमणका कारण गुमाउनुपऱ्यो । ऋण गरेर किनेको गाई मरेपछि सरकारले केही रकम राहतका रूपमा दिए ऋण तिर्न सहज हुने आसमा छन् । उनले भने, 'सरकारले राहत दिन्छ भनेर पर्खेर बसेका छौं, अहिलेसम्म कुनै संकेतसमेत दिएको छैन, ऋण कसरी तिर्ने भन्ने चिन्ता छ ?'

त्यस्तै, अर्को किसान मालती ठकुरीले राहत माग गर्दै काठमाडौं पुगेर पशु विभागमा ध्यानाकर्षण गराएको बताइन् । उनले भनिन्, 'सुरुका दिनमा हामीले आन्दोलन गरेर राहतका लागि पहल गर्‍यौं, सडकदेखि संसद्सम्म चर्चा भयो, तर अहिले सबैले बिर्सिसकेका छन् ।'

बस्नेत र ठकुरीजस्ता लम्पी स्किन रोगका कारण ५७ हजार पशुधनमा क्षति पुगेका किसान पाँच महिनादेखि राहतको पर्खाइमा छन् । सरकारले पटक-पटक किसानलाई राहत उपलब्ध गराउने आश्वासन दिए पनि बजेट विनियोजन नहुँदा अन्योल भएको हो । पछिल्लो समय त सरकारले लम्पी स्किन संक्रमणको रिपोर्ट संकलन गर्न पनि छाडेको किसान बताउँछन् । संक्रमण नियन्त्रणमा आएको भन्दै सरकारले तथ्यांक लिन नै छाडेको उनीहरूको गुनासो छ ।

किसानलाई राहत उपलब्ध गराउन किसान संगठनहरूले पटक-पटक मन्त्रालयमा ध्यानाकर्षण गराए पनि कुनै पहल नभएको बताउँछन् । नेपाल राष्ट्रिय किसान आयोग, विभिन्न किसान संगठन, कृषक समूह महासंघले राहतलाई पहिलो प्राथमिकता राखेर पहल गरिरहेको कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेतले बताए । उनले भने, 'जहाँ गए पनि अर्थ मन्त्रालयले बजेट दिएन भन्छन्, मंसिरसम्ममा पनि सरकारको कुनै ध्यानाकर्षण भएन भने आन्दोलन गर्ने तयारीमा छौं ।'

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले लम्पी स्किनपीडित किसानलाई राहत उपलब्ध गराउन मापदण्डसहितको प्रतिवेदन प्रधानमन्त्री कार्यालय र अर्थ मन्त्रालयमा बजेट विनियोजनका लागि पेस गरेको पाँच महिनाभन्दा बढी भइसकेको छ । कृषि मन्त्रालयले पठाएको मापदण्डअनुसार पीडित किसानलाई राहत दिन कम्तीमा २६ करोड चाहिन्छ । मन्त्रालयले पीडित किसानलाई क्षतिअनुसार प्रतिपशु पाँच हजारदेखि २० हजार रुपैयाँसम्म क्षतिपूर्ति दिने प्रस्ताव गरेको छ । पशुसेवा विभागका प्रवक्ता चन्दप्रसाद ढकालले लम्पी स्किनपीडित किसानलाई दिइने राहतको विषयमा कृषि मन्त्रालयलाई जानकारी गराएको बताए । तर, पछिल्लो उपलब्धिको विषयमा आफूलाई जानकारी नभएको उनको भनाइ छ ।

कृषि मन्त्रालयले प्रस्ताव पठाएको जानकारी भए पनि यो विषयमा आफू अपडेट नभएको अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले बताए । उनले भने, 'राहत वितरण प्रस्ताव त आएको हो, पछिल्लो समय के भएको छ ? मलाई त्यति थाहा भएन, प्रक्रियामै हुन सक्छ ।' कृषि मन्त्रालयले किसानलाई मरेको पशुको संख्या, पशुको प्रकारलगायतका आधारमा राहत उपलब्ध गराउन मापदण्ड बनाएको छ । दुधालु गाई-भैंसीको मूल्य, पशुको उमेर, जातलगायतका आधारमा राहत वितरण गरिने प्रस्तावित मापदण्डमा उल्लेख छ । तर, पीडित किसान कति छन् भन्ने विषयमा मन्त्रालयसँग तथ्यांक छैन । स्थानीय तहहरूले नै राहत वितरण गर्ने भएकाले पीडित किसानहरू रहेको पालिकाले क्षतिअनुसार किसानलाई राहत उपलब्ध गराउने उनको भनाइ छ । सोही कारण पीडित किसानको यकिन तथ्यांक पनि स्थानीय तहहरूमा नै रहने उनले बताए ।

राहत वितरण सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको समन्वयमा गरिने मापदण्डमा उल्लेख छ । मन्त्रालयका पशु शाखाका प्रमुख डा. तपेन्द्रप्रसाद बोहरालेअर्थ मन्त्रालयबाटै बजेट निकास नहुँदासम्म राहतको विषयमा केही भन्न सक्ने अवस्था नभएको बताए । उनले भने, 'हामीले प्रस्ताव पठाएका छौं, के कारणले मन्त्रालयले चासो देखाएकै छैन, थाहा छैन, केही समय अझै लाग्ने देखिन्छ ।'

लम्पी स्किनको संक्रमण सर्वप्रथम असार ०७७ मा मोरङमा देखिएको थियो । विभागले भदौसम्म राखेका तथ्यांकअनुसार संक्रमित पशुको संख्या १५ लाख १९ हजार रहेको छ । त्यसमध्ये उपचारपछि १३ लाख ९३ हजार पशु संक्रमणबाट मुक्त भइसकेको विभागको भनाइ छ । त्यसयता खोप लगाउने पशुको संख्या करिब १५ लाख पुगेको दाबी छ ।

बिमा दाबी पनि नपाएको गुनासो



लुम्बिनी प्रदेशका सर्वसाधारणले लम्पी स्किन रोगका कारण क्षति भएका गाई-भैंसीको बिमा दाबी भुक्तानी नपाएको गुनासो गरेका छन् । नेपाल बिमा प्राधिकरणले मंगलबार राप्ती उपत्यकामा लुम्बिनी प्रदेश सरकारसँग बिमासम्बन्धी छलफल गरेको थियो । त्यसमा उपस्थित सर्वसाधारणले लम्पी स्किन रोगका कारण मरेका गाई-भैंसीको बिमा दाबी नपाएको गुनासो गरेका हुन् । साथै, यसकै कारण बिरामी भएका गाई-भैंसीको उपचार खर्चबापतको बिमा दाबी पनि नपाएको उनीहरूको गुनासो थियो ।

बिमा कम्पनीहरूले पहिला लम्पी स्किनका कारण गाई-भैंसीमा हुने क्षतिको दाबी भुक्तानी दिँदै आएका थिए । तर, पछि पशुसेवा विभागले यसलाई महामारी भनेर सम्बोधन गरी एक विज्ञप्ति निकालेपछि बिमा कम्पनीहरूले यसको दाबी भुक्तानी रोकेका छन् । यद्यपि, सरकारले यसलाई महामारी भनेर औपचारिक घोषणा भने गरेको छैन । सिद्धान्तअनुसार बिमाले महामारीको दायित्व लिँदैन । त्यो अवस्थामा विभागले यसलाई महामारी भनेर सम्बोधन गरेपछि कम्पनीहरूले दाबी भुक्तानी रोकेका छन् र सरकारले नै यसको दायित्व लिनुपर्ने बताउँदै आएका छन् । सरकारले भने यसमा बिमा दाबी भुक्तानी दिनुपर्ने बताउँदै आएको छ । तर, अझै पनि यसबारे कुनै थप निर्णय भएको छैन ।

कार्यक्रममा मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बिमा दाबी भुक्तानी सजिलै गर्ने वातावरण तयार गर्न प्राधिकरणलाई आग्रह गरेका थिए । कार्यक्रममा सहभागीले बिमा गर्न अभिकर्ता घर-घरमा जाने, तर दाबी भुक्तानी गर्न भने बिमा कम्पनीहरूले ढिलाइ गर्ने वा नदिने गरेको गुनासो आउने गरेको, कृषि प्राविधिक र बिमा अभिकर्ताले पर्याप्त पारिश्रमिक नपाएका कारण कृषि बिमा विस्तार नभएको, हरेक स्थानीय तहसम्म बिमाका शाखा विस्तार गर्न आवश्यक देखिएको उल्लेख गरेका थिए ।

जलवायु परिवर्तनको दोहोरो मारमा युएईका श्रमिक

मुना कुँवर/नयाँ पत्रिका

युनाइटेड अरब इमिरेट्स (युएई)मा काम गर्ने आप्रवासी श्रमिकहरू जलवायु परिवर्तनको दोहोरो मारमा परेको पाइएको छ । अन्तर्राष्ट्रिय अध्ययन संस्था इक्विडियम रिसर्च सेन्टरले गत साता सार्वजनिक गरेको एक अध्ययनका अनुसार जलवायु परिवर्तनको असरकै कारण आप्रवासी श्रमिक वैदेशिक रोजगारीका लागि युएई पुग्ने गरेको पाइएको छ । तर, युएईमा पनि उनीहरू जलवायुको प्रकोपबाट नै प्रताडित भएको अध्ययनले देखाएको हो ।

इक्विडियमले २०२३ फेब्रुअरीदेखि अक्टोबरमा गरेको अध्ययनले दुबई एक्स्पो आयोजना भएको स्थानमा कार्यरत, नवीकरण ऊर्जा क्षेत्रमा कार्यरत र डेलिभरी सेक्टरमा कार्यरत दुई सय ४८ आप्रवासी श्रमिक समेटेको थियो । नवीकरणीय ऊर्जा कम्पनीमध्ये मोहम्मद विन रासिद अल मकतुम सोलार पार्क, अल धाफ्रा सोलार पावर परियोजना, नुर आबुधाबी सोलार, सर बानी यास विन्ड फार्म परियोजनामा कार्यरत आप्रवासी श्रमिकसँग कुराकानी गरिएको थियो ।

इक्विडियमका अनुसार अध्ययनमा नेपाल, पाकिस्तान, फिलिपिन्स, बंगलादेश र मोजाम्बिकबाट रोजगारीका लागि युएई पुगेका श्रमिकसँग कुराकानी गरिएको थियो । अध्ययनमा समेटिएका श्रमिकमध्ये ५७ प्रतिशतले जलवायु परिवर्तनका लागि आफ्नो मुलुक छाडेर युएई पुगेको बताएको इक्विडियम नेपालका निर्देशक रामेश्वर नेपालले बताए । उनका अनुसार यस्ता श्रमिकमा नेपाली श्रमिक पनि थिए ।

अध्ययनका अनुसार जलवायु परिवर्तनका असर जस्तै, बाढीपहिरो, अत्यधिक वर्षा, अत्यधिक सुक्खा, उब्जाउ कम, अत्यधिक चिसो, अत्यधिक गर्मी, भूकम्पलगायतका कारण विस्थापित भएर रोजगारीका लागि युएईमा पुग्ने गरेको पाइयो । तर, युएईको जलवायुकै क्षेत्रमा नै कार्यरत आप्रवासी श्रमिकले भन्नै शोषणमा परेको अध्ययनले देखाएको छ ।

■ ४३ प्रतिशत श्रमिकले खाना नै खाँदैनन्

इक्विडियमको अध्ययनले युएईमा कार्यरत आप्रवासी श्रमिकमध्ये ४३ प्रतिशतले खाना नै खान छाडेको बताएका छन् । कम्पनीले समयमा नै पारिश्रमिक नदिने, पारिश्रमिक दिनेले खानाको सुविधा नदिने, पारिश्रमिक थोरै दिनेलगायतका कारणले खाना खाने अवस्था नरहेको बताएका छन् । वेस्ट अफ्रिकाका एक श्रमिकले कैयौं दिन खाना नखाई बिताएको बताए । कम्पनीले खानाका लागि दिने रकम बजारको मूल्यभन्दा धेरै भएको र त्यसले महिनाभरि खान नपुग्ने उनले बताएका छन् । यस्तो अवस्थामा पनि कम्पनीले बाहिरबाट सामान ल्याएर खाना पकाएर खान नदिने गरेको उनले बताए ।

त्यस्तै, युएईमा कार्यरत आप्रवासी श्रमिकमध्ये ८३ प्रतिशतले पोषणयुक्त खाना नपाएको पाइएको छ । अध्ययनमा समेटिएका अफ्रिकन र एसियन मुलुकका आप्रवासी श्रमिकले पौष्टिक र स्वास्थ्यवर्द्धक खाना नपाउने बताएका छन् । दुबईको एक कम्पनीमा वेटर्सका रूपमा कार्यरत एक आप्रवासी महिला श्रमिकले स्वास्थ्यवर्द्धक खाना किनेर खान नसक्ने बताइन् । उनले ग्राहकबाट पाएको टिप्सबाट नै खाना किनेर खाने गरेको बताइन् । सामान्य खानाबाहेक अन्य खानाका लागि आफू असमर्थ नभएको उनले बताइन् ।

त्यस्तै, ७७ प्रतिशत आप्रवासी श्रमिकले बस्ने सुविधा नभएको बताएका छन् । कम्पनीले एउटा कोठामा २० जनाभन्दा बढी श्रमिकलाई राख्दा आरामदायी रूपमा बस्न नपाउने, बस्ने ठाउँमा बढी होहल्ला हुने बताएका छन् । ४१ प्रतिशत श्रमिकले भने कम्पनीहरूले राष्ट्रियताका आधारमा विभेद गर्ने गरेको बताएका छन् । एक अफ्रिकन श्रमिकले उनीसहित १९ जना श्रमिक एउटै कोठामा बस्ने गरेको बताए । जबकि उनको सम्झौतापत्रमा पाँचजना मात्रै बस्ने उल्लेख थियो । त्यस्तै, साउथ एसियाका अर्का एक श्रमिकका अनुसार उनी बस्ने सानो कोठामा १५ जना छन् । उनीहरू पालैपालो गरी सुत्ने गर्छन् ।

अध्ययनमा सहभागी श्रमिकहरूले चर्को तापक्रममा काम गर्नुपर्ने बताएका छन् । मध्यपूर्वको ५० भन्दा बढी तापक्रममा काम गर्नुपर्दा छालाको क्यान्सरलगायतका स्वास्थ्य समस्याको जोखिम हुने गरेको उनीहरूले गुनासो गरेका छन् । त्यस्तै, कार्यस्थलामा मौखिम तथा भौतिक हिंसा हुने गरेको उनीहरूले बताएका छन् । राष्ट्रियताका आधारमा विभेद, पदन्नोति पाउने अवसरको अभाव, शोषणयुक्त श्रमिक भर्ना प्रक्रिया, क्षमताभन्दा बढी कम गर्नुपर्ने समयमा नै पारिश्रमिक नपाउने, कार्यस्थलमा हिंसा, क्षमताभन्दा बढी व्यक्ति एउटै कोठामा बस्नुपर्ने, अन्य सेवा-सुविधामा पनि समस्या भएको बताएका छन् ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

इक्विडियम रिसर्च सेन्टरले युएई सरकारलाई आप्रवासी श्रमिकलाई स्थायी बसोवास र नागरिकताको अवसर प्रदान गर्न पनि आग्रह गरेको छ । अध्ययनपछि इक्विडियमले युएई सरकारलाई यस्तो सुझाव सिफारिस गरेको हो । आप्रवासी श्रमिकलाई मानवीय र श्रम अधिकारको सम्मान गर्न सुझाव दिएको छ । सबै श्रमिकको अधिकारको सुरक्षा गर्न पनि आग्रह गरेको छ । त्यस्तै, राष्ट्रियताका आधारमा विभेद नगर्न पनि इक्विडियमले सुझाव दिएको छ । क्षमताअनुसार सबै खालको सुविधा प्रदान गर्न सुझाव दिएको छ ।

Sudurpaschim Province Government
Ministry of Physical infrastructure Developement
Patharaiya Mohana Irrigation Management office
Dhangadhi Kailali

Invitation for Bids

First Date of publication : 2080/08/20

Patharaiya Mohana Irrigation Management Office Dhangadhi,Kailali invites electronic bids from eligible bidders for the following construction works under NCB Bidding procedure. Bidder may obtain further detailed information from PPMO web portal www.bolpatra.gov.np/egp.

S. N.	Contract No.	Description of works	Bid Security Amount (NRs.)	Minimum Average Annual Construction Turnover (NRs.)	Minimum Work experience of similar size and nature (NRs.)	Cost of Bidding Document (NRs.)
1	PMIMO/NCB/ WORKS/ 01/2080-081	Canal Lining and Related Structure Construction Work	541000.00	30180000.00	9054000.00	5,000.00
2	PMIMO/NCB/ WORKS/ 02/2080-081	Malakheti and Gulariya Banch Canal,Tertiary Lining and related Structure Construction Work	720000.00	40020000.00	12006000.00	5,000.00

Office Chief

निगमले पुनः माग्यो ग्राउन्ड ह्यान्डलिङ

काठमाडौं/ नेपाल वायुसेवा निगमले सरकारसँग ग्राउन्ड ह्यान्डलिङको जिम्मा आफैंले पाउनुपर्ने माग गरेको छ ।

सरकारको पूर्ण स्वामित्वमा रहेको निगमको लगानी र सम्पत्तिमा हानि-नोक्सानी पुग्ने भन्दै निगमले ग्राउन्ड ह्यान्डलिङको जिम्मा आफैंले पाउनुपर्ने जिकिर गरेको हो । १९ मंसिरमा बसेको निगम व्यवस्थापनको बैठकले नेपाल नागरिक उड्डयन प्राधिकरण र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा ग्राउन्ड ह्यान्डलिङको जिम्मा पुनः आफैंले पाउन पहल गर्ने निर्णय गरेको छ ।

यसमा चारवटै कर्मचारी ट्रेड युनियनको समेत ऐक्यबद्धता रहेको निगमले जनाएको छ । त्यस्तै, मंसिर १७ मा निगम कार्यकारी समितिको बैठकबाट समेत यस्तो निर्णय भएको थियो । युरोपियन युनियनको स्कोप अफ अडिटसँग सम्बन्धित नै नरहेको विमानस्थल ग्राउन्ड ह्यान्डलिङप्रति आक्रामण अप्रासंगिक रहेको निगमको भनाइ छ ।

एनसेलको

पृष्ठ १ बाट क्रमशः

छानबिनबाट अनियमितता देखिए कानुनी दायरामा ल्याइने मन्त्री शर्माले बताएकी छिन् । 'अध्ययन तथा छानबिनबाट कुनै अनियमितता भएको पाइएमा सरकारले सम्बन्धित सबैलाई तत्काल कानुनबमोजिम कडा कारबाहीको दायरामा ल्याउनेछ । नेपाल र नेपालीको हित संरक्षण तथा प्रचलित कानुनको पालना गराउन नेपाल सरकार प्रतिबद्ध छ,' विज्ञप्तिमा भनिएको छ । सोमबार सम्पादकहरूसँगको छलफलमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एनसेल सेयर बिक्री प्रकरणको विस्तृत अध्ययन गर्न नियामक निकायहरूलाई निर्देशन दिएको बताएका थिए ।

मलेसियन टेलिकम कम्पनी आजियाटाले एनसेलमा रहेको आफ्नो ८० प्रतिशत हिस्सा (सम्पूर्ण सेयर) बेलायती कम्पनी स्पेक्ट्रलाइट युकेलाई बिक्री गर्ने सम्झौता गरेको शुक्रबार सार्वजनिक गरेको थियो । सात वर्षअघि करिब एक खर्ब ४३ अर्ब रुपैयाँमा खरिद गरेको सेयर ६ अर्ब ६६ करोड रुपैयाँ (पाँच करोड अमेरिकी डलर)मा बिक्री गर्ने सम्झौता अपारदर्शी र शंकास्पद रहेको भन्दै नियामक निकायहरूले पनि प्रश्न उठाउँदै आएका छन् । सेयर खरिद गर्ने कम्पनी स्पेक्ट्रलाइट गत सेप्टेम्बरमा मात्रै दर्ता भएको हो ।

एनसेलले दियो प्राधिकरणलाई जानकारी

एनसेलको सेयर खरिद-बिक्रीबारे मंगलबार नेपाल दूरसञ्चार प्राधिकरणलाई जानकारी गराएको छ । प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले पत्र प्राप्त भएको बताए । उनले भने, 'एनसेलले सेयर खरिद-बिक्रीको जानकारीसहितको पत्र पठाएको छ । उसले नेपालको कानुन पालना गर्ने बाँकी प्रक्रिया पूरा गर्ने पत्रमा उल्लेख गरेको छ ।'

एनसेलबारे छलफल गर्न आज लेखा समितिको बैठक



संघीय संसद्को सार्वजनिक लेखा समितिले दूरसञ्चार सेवाप्रदायक कम्पनी एनसेलको सेयर खरिद-बिक्रीबारे छलफल गर्न बैठक बोलाएको छ । समितिका सचिव एकराम गिरीका अनुसार बैठक बुधबार दिउँसो २ बजे बस्नेछ । उनका अनुसार बैठकमा एनसेलको सेयर खरिद-बिक्री सम्बन्धमा प्रारम्भिक छलफल हुनेछ । यसअघि समितिले एनसेलको सेयर खरिद-बिक्रीमा कर छलीको आशंका गर्दै नियामक निकायसँग जवाफ माग गरिसकेको छ । आइतबार समितिले तीनवटा नियामक निकाय आन्तरिक राजस्व विभाग, नेपाल दूरसञ्चार प्राधिकरण र कम्पनी रजिस्ट्रारको कार्यालयसँग जवाफ मागेको थियो ।

रित्तिँदै...

पृष्ठ १ बाट क्रमशः

क्विन्टल चामल ढुवानी गर्ने जिम्मा पाएको छ । सिमकोट शाखाका लागि सुर्खेतबाट ६ हजार क्विन्टल र नेपालगन्जदेखि सिमकोटसम्म चार हजार क्विन्टल गरी १० हजार क्विन्टल चामल ढुवानी गर्न सिम्रिका एयरका प्रोपाइटर मुरलीधर जोशीसँग सम्झौता भएको थियो । नेपालगन्जबाट सिमकोटका लागि प्रतिकेजी १४३ र सुर्खेतबाट सिमकोटका लागि प्रतिकेजी १३७ रुपैयाँका दरले सम्झौता भएको छ ।

सिम्रिका एयरले ढुवानी गर्नुपर्ने खाद्यान्न नेपालगन्ज र सुर्खेतमै थन्किएको छ । नेपालगन्जबाट हवाई ढुवानी हुनुपर्ने चार हजार क्विन्टल र सुर्खेतबाट ढुवानी हुने ६ हजार क्विन्टल गरी १० हजार क्विन्टल चामल नेपालगन्ज, राजापुर प्रादेशिक कार्यालय धनगढीमै थन्किएका छन् । स्थलमार्गबाट तीन हजार क्विन्टल चामल ढुवानीको जिम्मा पाएको एलबी सप्लायर्सका प्रोपाइटर लोकेन्द्र भण्डारीले अहिलेसम्म ढुवानीमा चासो देखाएका छैनन् । स्थलमार्गबाटै एक हजार क्विन्टल चामल ढुवानी गर्नुपर्ने चाङ्ला ढुवानी सेवाले पनि खाद्यान्न ढुवानी गरेको छैन । स्थलमार्गबाट नेपालगन्ज हुँदै हुम्लाको सिमकोटसम्म प्रतिकेजी ४० रुपैयाँ ६८ पैसा, सुर्खेतबाट स्थलमार्ग हुँदै सिमकोटसम्म ३९ रुपैयाँ, धनगढीदेखि सिमकोटसम्म ४२ रुपैयाँ ९४ पैसा र राजापुर बर्दियादेखि सिमकोटसम्म ४१ रुपैयाँ ८१ पैसामा ढुवानी गर्न सम्झौता गरेको पाइएको छ ।

सदरमुकाम सिमकोट शाखामा १४८ क्विन्टल खाद्यान्न मौज्दात रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी सिमकोट शाखाले जनाएको छ । आव ०८०/८१ को खाद्यान्न समयमै ढुवानीकर्ताहरूले ढिलासुस्ती गरेपछि सिमकोट शाखामा खाद्यान्न अभाव देखिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी सिमकोट शाखाका प्रमुख कृष्णप्रसाद अधिकारीले जानकारी दिए । सिमकोट शाखाको गोदाम खाली भएपछि उपभोक्ता खाली हात फिर्ता जान बाध्य भएका छन् । स्थलमार्ग (सतहमार्ग)को चार हजार र हवाईमार्गबाट १० हजार क्विन्टल ढुवानी हुने खाद्यान्न नआएपछि समस्या भएको उनको भनाइ छ । हुम्लाका दुईवटा डिपो र चारवटा बिक्री केन्द्रमा पनि खाद्यान्न छैन । याल्वाङ र लिमी बिक्री केन्द्रबाहेक अरू बिक्री केन्द्रमा चामल आउन सकेको छैन ।

सेयर बिक्री...

पृष्ठ १ बाट क्रमशः

निर्क्योल गर्न प्रधानमन्त्री पुष्पकमल दाहाललाई सुझाव दिएको छ । बैठकमा गठबन्धन दलका शीर्ष नेतासँगै केही मन्त्री, मुख्यसचिव र सचिवसमेत उपस्थित थिए ।

बैठकको सुरुमा प्रधानमन्त्री प्रचण्डले विस्तृत छानबिन गरेर त्यसको निष्कर्षका आधारमा अगाडि बढ्ने बताएका थिए । 'यो प्रकरणलाई देश र जनताको अधिकतम हितमा केन्द्रित रहेर निष्कर्षमा पुऱ्याइन्छ । सरकारका तर्फबाट हुनुपर्ने अध्ययन, छानबिन गरिन्छ । यसमा सरकारले कुनै पनि मोलाहिजा गर्दैन,' बैठकमा प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भने । विज्ञहरूको बलियो टिम बनाएर छानबिन गर्ने प्रधानमन्त्रीको प्रस्ताव थियो ।

प्रधानमन्त्रीको प्रस्तावमा काग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, लोसपा अध्यक्ष महन्थ ठाकुरलगायत उपस्थित गठबन्धनका सबै नेताले समर्थन जनाए । 'प्रधानमन्त्रीले भन्नुभएको ठीक हो, सरकारले यसलाई गम्भीर रूपमा लिएर सूक्ष्म अध्ययन गर्नुपर्छ । त्यसको निष्कर्षका आधारमा मात्रै अगाडि बढ्नुपर्छ,' बैठकमा देउवाको भनाइ थियो ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले अपारदर्शी कारोबार देखिएकाले मसिनो ढंगले अध्ययन गरेर निष्कर्षमा पुग्नुपर्ने बताएका थिए । 'एनसेल प्रकरणमा प्रधानमन्त्रीको सक्रियता राम्रो छ । बदमासीको राम्रो ढंगले अध्ययन गरेर कानुनी दायरामा ल्याउनुपर्छ,' बैठकमा उनको भनाइ थियो, 'मन्त्रिपरिषद्ले आवश्यक निर्णय गरोस् । कानुनविपरीत र देशको हितविपरीतका कामलाई सरकारले रोक्नुपर्छ ।' लोसपा अध्यक्ष ठाकुरले प्रधानमन्त्रीको कदम सकारात्मक रहेको बताएका थिए । 'प्रधानमन्त्रीले जुन कदम चाल्नुभयो, त्यसमा हाम्रो साथ छ । छानबिन समिति गठन गरेर अगाडि बढौं,' उनको भनाइ थियो ।

बैठकपछि काग्रेस प्रमुख सचेतक रमेश लेखकले पनि प्रधानमन्त्रीको प्रस्तावमा सबै नेताले समर्थन जनाएको बताए । 'एनसेलको सेयर खरिद-बिक्री कानुनअनुसार सरकारी निकायको स्वीकृति लिएर गर्नुपर्ने त्यसअनुसार भएको छैन । गतिविधि शंकास्पद छन्, त्यसमा प्रश्न उठेका छन् । यसबारे प्रधानमन्त्रीले हिजोअस्ति धारणा राख्नुभयो, यो विषय गम्भीर छ । यसलाई गम्भीरतापूर्वक लिइएको छ,' उनले भने, 'देशको हितप्रतिकूल जुन गतिविधि भएका छन् त्यसलाई सूक्ष्म रूपमा छानबिन गर्ने कुरा प्रधानमन्त्रीले भनिसक्नुभएको छ । आजको यो बैठक प्रधानमन्त्रीले भन्नुभएको ठीक छ भन्ने निष्कर्षमा पुगेको छ ।'

शंकास्पद रूपमा सेयर खरिद-बिक्री भएको भन्दै संसद्को सार्वजनिक लेखा समितिले पनि नियामक निकायहरू दूरसञ्चार प्राधिकरण, कम्पनी रजिस्ट्रारको कार्यालय र आन्तरिक राजस्व विभागलाई पत्राचार गर्दै जवाफ मागेको छ ।

प्रेमिकाका बाबु...

पृष्ठ १ बाट क्रमशः

अन्य दुई प्रतिवादी पनि छन् । उनका अनुसार आठ प्रतिवादीले भने सफाइ पाएका छन् ।

जन्मकैद सजाय पाउनेमा रुकुम पश्चिमको चौरजहारी-८ का तत्कालीन वडाध्यक्ष डम्बरबहादुर मल्ल, सोही ठाउँका डिल्ली मल्ल ठकुरी, प्रेमबहादुर ठकुरी, सन्तोष मल्ल, मोहन पुनमगर, मानबहादुर मल्ल, टोप बहादुर मल्ल, सर्वजित भनिने सविन पुन, परिवर्तित नाम ५४ रुकुम पश्चिम (३६)१, परिवर्तित नाम ५४ रुकुम पश्चिम (३६)२ र परिवर्तित नाम ५४ रुकुम पश्चिम (३६)३, तिलक चन्द र इन्द्रबहादुर भन्ने इर्दबहादुर ठकुरी छन् । त्यस्तै, लिपेन्द्रकुमार मल्ल, हर्कबहादुर मल्ल, विनोद मल्ल, नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्ल, धनराज राना, नवीनकुमार घर्तीमगर (जिएम), विराज पुनमगर, भीमबहादुर पुन, रमित पुनमगर, विष्णु मल्ल र परिवर्तित नाम ५४ रुकुम पश्चिम (३९) (हाल अभिभावकको संरक्षणमा रहेका)लाई पनि जन्मकैद फैसला भएको सूचना अधिकारी कोइरालाले बताए । परिवर्तित नाम ५४ रुकुम पश्चिम (३६) २ र परिवर्तित नाम ५४ रुकुम पश्चिम (३६)लाई जातीय छुवाछुततर्फ दुई वर्ष कैद र ५० हजार जरिवानाको फैसला भएको छ ।

घटनाका प्रतिवादी तुलाराम घर्ती, डिल्ली घर्ती, क्वापे भनिने लोकेन्द्र घर्ती, सौरभ पुन, भीमबहादुर बुढा, इन्द्रबहादुर बुढा, तुलबहादुर मल्ल र दीपेन्द्र चन्दले भने सफाइ पाएका छन् । फैसलाको पूर्णपाठ भने आइसकेको छैन । पूर्णपाठ आउन एक साता लाग्ने सूचना अधिकारी कोइरालाले बताए ।

रुकुम पश्चिमको चौरजहारी नगरपालिका- ८ सोतीगाउँकी मल्ल थरकी युवतीसँग प्रेमसम्बन्धमा रहेका जाजरकोटको भेरी नगरपालिका- ४ रानागाउँका २१ वर्षीय नवराज विकसहित उनका साथीहरू जाजरकोटकै गणेश बुढा, लोकेन्द्र सुनार, सञ्जीव विक, गोविन्द शाही र रुकुम पश्चिम चौरजहारीका टीकाराम नेपालीको १० जेठ ०७७ मा भेरी बगरमा हत्या भएको थियो । दलित युवासँग प्रेममा रहेको थाहा पाएपछि सम्बन्ध छुटाउन अभिभावकले कुटपिट गरेपछि युवतीले नै नवराजलाई बोलाएकी थिइन् । त्यसपछि नवराज साथीहरू लिएर युवतीको घरनजिक पुगेका थिए । नवराजले छोरी लग्न थालेको थाहा पाएपछि लाठी र घरेलु हतियारसहित गाउँलेहरू आक्रमणमा उत्रिएका थिए । त्यसै क्रममा लखेटी-लखेटी उनीहरूको हत्या भएको थियो ।

घटनापछि नवराजका बुबा मुनलाल नेपालीको जाहेरीका आधारमा ३४ जनाविरुद्ध जिल्ला अदालत रुकुम पश्चिममा कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र जातीय छुवाछुत अभियोगमा मुद्दा दायर भएको थियो । घटनाका २३ आरोपी पुर्पक्षका लागि कारागारमा थिए भने एकलाई धरौटी र १० जनालाई फरक-फरक समयमा साधारण तारेखमा छाडिएको थियो ।

मुनलालले अदालतको फैसलासँगै छोराको आत्माले शान्ति पाउने विश्वास व्यक्त गरे । 'यति लामो समय बितिसकेको थियो, हामीले त न्यायको आशा मारिसकेका थियौं, न्याय पाइएला भन्ने लागेकै थिएन,' उनले भने, 'आज श्रीमानूले जुन फैसला गर्नुभयो, अदालतप्रति आभारी छौं । न्याय नपाइने हो कि भनेर दिनरात छटपटी हुन्थ्यो, अब चैन मिलेको छ । अब छोरा र उसका साथीहरूको आत्माले शान्ति पाउँछ ।'



पश्चिम रुकुमको चौरजहारी- ८ सोती क्षेत्रमा बगिरहेको भेरी नदी जहाँ स्थानीयको आक्रमणमा मारिएका ६ युवाको शव भेटिएको थियो ।

मोटरसाइकल हरायो

मिति २०८०/७/२४ गते बिहान अन्दाजी ४:०० बजेको समयमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ०७ त्यागल स्थित घर अगाडी पार्किङबाट मेरो निम्न व्यहोरा भएको निलो रंगको **155cc Yamaha R15** मोटरसाइकल हराएको हुँदा देख्नु, हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।


नाम : राजिब श्रेष्ठ
मो.सा.नं.: बा प्र. ०२-०४५ प ४७२९
चेसिस नं. : ME1RG6748P0068680
इन्जिन नं. : G3N4E0535595
सम्पर्क नं. : 9861380845

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

१. यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा वडा नं. ०२ स्थित कित्ता नं. १५५, ८७ र ८८ को क्षेत्रफल क्रमशः १६००, २६७३.७५ र ३१६५.७५ (व.मि) को जग्गा, सो मा बनेको ठहराहरु र सो मा रहेका सम्पुर्ण चल अचल सम्पत्तिहरु तथा सो ले चर्चेको लिज लगापात समेत ।	

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चाकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।
७. सो जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिज लगापात बोलपत्रदाता स्वयंमले निरिक्षण गरी चाकिन गरी बोलपत्र पेश गर्नुहुन । अन्यथा भएमा बोलपत्रदाता स्वयंम जिम्मेवार हुनेछ ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**१) घन बहादुर अधिकारी क्षेत्री** स्थायी ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बाबु : पुर्ण बहादुर अधिकारी क्षेत्री बाजे : देवी दत्त अधिकारी (लुम्बिनी मेट्रो सिटी प्रा. लि. समुह अन्तर्गतका ऋणी घन बहादुर अधिकारी क्षेत्री र चक्रपाणी भण्डारी)	१) सवारी मोडल: ASHOK LEYLAND BUS च्यासिस नं.: MB1PCEFC4HAEG4247 ईन्जिन नं.: HFEZ406182 | सवारी दर्ता नं.: लु २ ख ३९३६ २) सवारी मोडल: ASHOK LEYLAND BUS च्यासिस नं.: MB1PCEFC3GAXF8086 ईन्जिन नं.:GXHZ426787 | सवारी दर्ता नं.: लु २ ख ३०४३

जमानीकर्ताहरुको विवरण

१) चक्रपाणी भण्डारी स्थायी ठेगाना : गुल्मी जिल्ला, जोहाङ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा, न.पा. वडा नं. २ बाबु : हरी प्रसाद भण्डारी बाजे : ऋषिराम भण्डारी	**२) पार्वती थापा क्षेत्री** स्थायी ठेगाना : चितवन जिल्ला, शुक्रनगर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बाबु : यम बहादुर थापा ससुरा : पुर्ण बहादुर अधिकारी पति : घन बहादुर अधिकारी क्षेत्री	**३) सरस्वती शर्मा** स्थायी ठेगाना : रुपन्देही जिल्ला,देवदह गा.वि.स. वडा नं. २ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ बाबु : यमलाल लामिछाने ससुरा : फणि नारायण शर्मा पति : खेमराज शर्मा
४) निशान अधिकारी ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बाबु : धन बहादुर अधिकारी क्षेत्री बाजे : पुर्ण बहादुर अधिकारी	**५) सोनु रिजाल अधिकारी** ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बाबु : ऋषिराम रिजाल ससुरा: घन बहादुर अधिकारी क्षेत्री पति : निशान अधिकारी	**६) खेमराज शर्मा** स्थायी ठेगाना : रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ बाबु : फणि नारायण शर्मा बाजे : धनपति शर्मा

७) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९२५२२/०७४/०७५ अन्तर्गत मिति २०७५/०३/१४ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ०९, स्थित लुम्बिनी मेट्रो सिटी प्रा. लि.

ऋणीको विवरण	धितोको विवरण
२) चक्रपाणी भण्डारी स्थायी ठेगाना : गुल्मी जिल्ला, जोहाङ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : हरी प्रसाद भण्डारी बाजे : ऋषिराम भण्डारी	सवारीको मोडल: ASHOK LEYLAND BUS च्यासिस नं.: MB1PCEFC5HAEG4239 ईन्जिन नं.: HFEZ406152 सवारी दर्ता नं.: लु २ ख ३०४१

जमानीकर्ताहरुको विवरण

१) घन बहादुर अधिकारी क्षेत्री स्थायी ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बाबु : पुर्ण बहादुर अधिकारी क्षेत्री बाजे : देवी दत्त अधिकारी	**२) मूना तिवारी** स्थायी ठेगाना : गुल्मी जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ७ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : भक्तिलाल तिवारी ससुरा : हरि प्रसाद भण्डारी पति : चक्रपाणी भण्डारी	**३) सरस्वती शर्मा** स्थायी ठेगाना : रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. २ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ बाबु : यमलाल लामिछाने ससुरा : फणि नारायण शर्मा पति : खेमराज शर्मा

८) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९२५२२/०७४/०७५ अन्तर्गत मिति २०७५/०३/१४ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ९ स्थित लुम्बिनी मेट्रो सिटी प्रा. लि.

ऋणीको विवरण	धितोको विवरण
२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.नं. ४४/७१२८/०७३ अन्तर्गत मिति २०७३/०४/२७ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ स्थित **मोडेल एग्रो प्रोडक्ट** **प्रोप्राईटर तथा जमानीकर्ता : अब्दुल अजीज अलि मोमिन** स्थायी ठेगाना: नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ हालको ठेगाना: नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ बाबु : विसमिल्ला मोमिन बाजे : जमईल मोमिन	१) जमईल मोमिनको नाती, विसमिल्ला मोमिनको छोरा, नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ मा बस्ने अब्दुल अजीज अलि मोमिन ...१, मंसुर अलि मोमिन... १ तथा दिन अल्ली मोमिनकी छोरी, जमईल मोमिनकी बुहारी, विसमिल्ला मोमिनकी पत्नी, नवलपरासी जिल्ला, देवसरा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ मा बस्ने सदरुना निसा मोमिन... १ गरी जम्मा ३ जनाको संयुक्त नाममा मालपोत कार्यालय परासी, नवलपरासी (व.सु.प.)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ ख (हाल रामग्राम न.पा. वडा नं. १७) स्थित कित्ता नं. २५१ क्षेत्रफल १-७-६ (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिजालगापात समेत । २) सवारी मोडल : DI 6565 NG-TRACTOR-2017 च्यासिस नं.: UAG650029208 | ईन्जिन नं.: A65TUAG0005235 सवारी दर्ता नं.: लु ३ त ८८७६ ३) मोडेल एग्रो प्रोडक्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सदरुना निसा मोमिन स्थायी ठेगाना : नवलपरासी जिल्ला, देवसरा गा.वि.स. वडा नं. १ हालको ठेगाना: नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ बाबु : दिन अल्ली मोमिन ससुरा : जमईल मोमिन पति : विसमिल्ला मोमिन	**२) अस्तरुन निसा** ठेगाना : नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ बाबु : अब्बास मुसलमान ससुरा : विसमिल्ला मोमिन पति : अब्दुल अजीज मोमिन	**३) मंसुर अलि मोमिन** स्थायी ठेगाना : नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ हालको ठेगाना : नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ बाबु : विसमिल्ला मोमिन बाजे : जमईल मोमिन

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।

बुधबार २० मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.ले.प.नि.इ.नं. १७/०६९/०७०

एसिया कपमा नेपालको लक्ष्य सेमिफाइनल

एसिसी यू- १९ एसिया कपको समूह 'ए'मा टेस्ट मान्यताप्राप्त भारत, पाकिस्तान र अफगानिस्तान छन्, यी बलिया राष्ट्रविरुद्ध उत्कृष्ट प्रदर्शन गरी अन्तिम चार स्थान बनाउने नेपालको योजना

नयाँ पत्रिका

नेपाली युवा टोलीले एसिसी यू- १९ एसिया कपमा सेमिफाइनलको लक्ष्य राखेको छ । प्रतियोगितामा सहभागी हुने मंगलबार बिदाइ कार्यक्रममा कप्तान देव खनालले टेस्ट मान्यताप्राप्त भारत र पाकिस्तानविरुद्ध उत्कृष्ट प्रदर्शन गरी अन्तिम चारको लक्ष्य राखेको बताएका हुन् । 'हामीहरूको तयारी निकै राम्रो छ, पाकिस्तान र भारतविरुद्ध राम्रो प्रदर्शन गरी सेमिफाइनल पुग्ने लक्ष्य राखेका छौं,' कप्तान देवले भने । नेपाली टोलीलाई मंगलबार एक कार्यक्रमबीच नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द र खेलकुदमन्त्री डिगबहादुर लिम्बूलगायतले बिदाइ गरेका छन् । नेपाली टोली बुधबार प्रतियोगितामा सहभागी हुन युएईमा प्रस्थान गर्नेछ ।

२२ मंसिरदेखि १ पुससम्म चल्ने प्रतियोगितामा नेपाल समूह 'ए'मा छ । नेपालको समूहमा भारत, पाकिस्तान र अफगानिस्तान छन् । समूह 'बी'मा बंगलादेश, श्रीलंका, जापान र युएई रहेका छन् । प्रतियोगितामा राम्रो नतिजा निकाल्न टोलीमा सहभागी सिनियर खेलाडीहरूसँग अध्यास खेल खेलेको उनले बताए । 'हालै मात्र भएको केपी ओली कपमा सहभागी सिनियर दाइहरूसँग हामीले अभ्यास खेल खेलेका थियौं,' उनले भने, 'यसक्रममा त्रिवि र मूलपानीमा खेल्यौं, यी दुवै मैदानका पिच फरक छन्, पिचको अनुभव पनि बटुल्ने अवसर पायौं ।' नेपाली यू- १९ टोलीमा राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर गुलसन झा पनि छन् । सिनियर खेलाडी रहँदा टोलीमा धेरै फरक हुने देवको भनाइ रहेको छ ।

'एक सिनियर खेलाडी रहँदा धेरै फरक पर्छ, गुल्सन आएपछि हामीहरूको ब्याटिङ लाइन-अप थप बलियो भएको महसुस गरेका छौं,' गुल्सनको उपस्थितिमा नेपाली यू- १९ टोली बलियो भएको जनाउँदै उनले भने, 'वास्तवमा नेपालको टोली सन्तुलित छ ।' कप्तान देवले भारत र पाकिस्तानका सिनियर टोलीसँग प्रतिस्पर्धा गरेका गुल्सनसँग धेरै अनुभव भएको बताए । 'टेस्ट मान्यताप्राप्त छिमेकी राष्ट्रविरुद्ध प्रतिस्पर्धा गरिसकेका गुल्सनसँग दबाब झेल्न सक्ने क्षमता छ,' उनले भने । देव नेपाली यू- १९ क्रिकेटमा तीन शतकीय इनिङ्स खेल्ने उनी एक्लो क्रिकेटर हुन् । उनले यो एक वर्षभित्र यू- १९ टोलीबाट तीनवटा शतकीय इनिङ्स खेलेका थिए ।

कप्तान देवले रेकर्डभन्दा पनि आउँदो दिनमा राम्रो गर्नुपर्ने बताए । 'अहिले मेरो ध्यान पुरानो रेकर्डभन्दा पनि आगामी दिनमा राम्रो ब्याटिङ गर्ने लक्ष्य हो,' सकारात्मक सोच राखेका देवले भने, 'मेरो नजरमा पुरानोभन्दा आउने इनिङ्स धेरै महत्त्वपूर्ण हो ।' यू- १९ एसिया कपमा आफ्नो लक्ष्य कम्तीमा भारत, पाकिस्तान र अफगानिस्तानविरुद्ध एक शतक वा अर्धशतक प्रहार गर्ने रहेको उनले सुनाए ।

'हाम्रो समूहमा तीनवटै राष्ट्र टेस्ट मान्यताप्राप्त हुन्, कम्तीमा पनि उनीहरूविरुद्ध शतक वा अर्धशतकीय इनिङ्स खेल्ने योजना छ,' उनले भने । दुई वर्षअघि २०२१ मा भएको यू-१९ एसिया कपमा देवले नै नेपालको कप्तानी गरेका थिए । उनले पहिलोपटक तीनवटा टेस्ट राष्ट्रविरुद्ध एकै समूहमा प्रतिस्पर्धा गर्ने अवसर पाउँदा उत्साहित र चुनौती भएको बताए ।



नेपाली टोली : देव खनाल (कप्तान), अर्जुन कुमाल, आकाश त्रिपाठी, दीपक डुम्रे (विकेटकिपर), हेमन्त धामी, गुलसन झा, दीपेश कँडेल, विशालविक्रम केसी, सुभाष भण्डारी, दीपक बोहरा, उत्तम थापा मगर (विकेटकिपर), विपिन रावल (विकेटकिपर), तिलकराज भण्डारी, आकाश चन्द र दीपक बोहरा ।

■ उमेर समूहमा राम्रो रेकर्ड

नेपालको क्रिकेट इतिहासमा उमेर समूहमा राम्रो रेकर्ड रहेको छ । अझ यू- १९ टोलीले आईसिसी यू- १९ एकदिवसीय विश्वकप निरन्तरजस्तो खेलिरहेका छन् । नेपाल आठ वर्षपछि यू- १९ विश्वकपमा छनोट भइसकेको छ । क्यानका सचिव तथा पूर्वकप्तान पारस खड्काले नेपाली टोलीको बलियो पक्ष नै उमेर समूह रहेको बताएका छन् । बिदाइ कार्यक्रममा पारसले नेपाली क्रिकेटमा सबैभन्दा बढी इतिहास रचेको नै उमेर समूहले बताएका जनाएका छन् । यसैगरी, उनले यू- १९ एसिया कपको अनुभवले आउने विश्वकपका लागि राम्रो हुने जनाए । 'अहिले खेल्न गइरहेको 'यू- १९ एसिया कप नेपालका लागि विश्वकपको लागि अनुभव हो, धेरैलाई थाहा छ, नेपालको सिनियर टोलीको बेन्च स्ट्रेन्थको रूपमा सधैं यू- १९ रहँदै आएको छ,' पारसले भने, 'युवा खेलाडीलाई रेकर्ड बनाउने अवसर छ, हामीले हरेक खेल शून्यबाट सुरु गर्नुपर्छ ।'

यसैगरी, कप्तान देवले सिनियर टोलीलेझैं जितको निरन्तरता दिने बताए । 'सिनियर टोलीले जस्तै राम्रोको निरन्तरता दिने प्रयासमा छौं, पछिल्ला दुई प्रतियोगिता विश्वकप छनोट र यू- १९ प्रिमियर कपमा जस्तै प्रदर्शन गरेर फर्किने छौं', देवले भने । यसैगरी, मुख्य प्रशिक्षक जगत टमाटाले भारत र पाकिस्तानसँग खेल्न उत्साहित रहेको बताएका छन् । 'प्रतियोगिताका लागि हामीले दुई हप्ताभन्दा बढी समयदेखि मिहिनेत गरेका छौं,' प्रशिक्षक टमाटाले भने, 'हरेक दिन सात घन्टा अभ्यासको क्रममा मैदानमा बिताएका छौं, भारत, पाकिस्तान र अफगानिस्तानसँग खेल्न उत्साहित छौं ।' इतिहासमा नेपाली युवा टोलीले टेस्ट टोलीलाई हराएको प्रसंग निकाल्ने प्रशिक्षक टमाटाले टेस्ट राष्ट्रविरुद्ध जितकै लागि प्रतिस्पर्धा गर्ने बताए ।

एलपिएलमा शुक्लाफाँटाको जित

धनगढीमा **तेजराज भट्ट**

धनगढीमा चलिरहेको लिटल फ्लावर प्रिमियर लिग (एलपिएल)अन्तर्गत मंगलबार कैलालीको घोडाघोडी क्रिकेट एकेडेमी र कञ्चनपुरको शुक्लाफाँटा ब्ल्याकबक्स फाउन्डेसनले सानदार जित निकालेका छन् । शुक्लाफाँटाले खप्तड इन्डोर स्पोर्ट्स ट्रेनिङ सेन्टरलाई एक सय १२ रनको फराकिलो अन्तरले पराजित गऱ्यो । शुक्लाफाँटाले दिएको एक ७७ रनको लक्ष्य पछ्याएको खप्तड इन्डोरले १५.१ ओभरमा ६४ रन मात्र बनायो । खप्तडका लागि पुकार चन्दले १३ रन र प्रकाश पाण्डेले १२ रन बनाउनुबाहेक अन्यले दोहोरो रन बनाउन सकेनन् ।



खप्तडलाई सस्तैमा सीमित गर्न शुक्लाफाँटाका पेसर कैलाश ऐरले ५ विकेट लिए । उनले ३.१ ओभरमा १५ रन खर्चिए । शुक्लाफाँटाले २० ओभरमा ९ विकेट गुमाएर एक सय ७६ रन बनायो । शुक्लाफाँटाका ओपनर अशोक विष्टले सर्वाधिक ४१ रनको योगदान दिए । उनले ३५ बलमा ६ चौका प्रहार गरे । किरान ठगुन्नाले २२ बलमा ४ चौका र २ छक्का मद्दतले ३५ रन बनाए । खप्तडका रवि विष्टले ३ ओभरमा २१ रन खर्चिएर ३ विकेट लिए । प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ वटा टिमको सहभागिता रहेको छ ।

■ घोडाघोडी चार विकेटले विजयी

पहिलो खेलमा घोडाघोडीले सुदूरपश्चिमाञ्चल एकेडेमीलाई चार विकेटले पराजित गऱ्यो । सुदूरपश्चिमाञ्चलले दिएको एक सय ११ रनको लक्ष्य घोडाघोडीले १६.५ ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो । घोडाघोडीको ब्याटिङमा ओपनर विपिनबिक्रम शाहीले सर्वाधिक ३१ रनको योगदान दिए । सञ्जय बोहराले २२ र कृष्ण कार्कीले २० रन बनाए । ८१ रनमा ६ विकेट गुमेको अवस्थामा सञ्जय र कृष्णले अविजित ३२ रनको साझेदारी गर्दै आफ्नो टोलीलाई जितसम्म पुऱ्याए । सुदूरपश्चिमाञ्चलका वीरेन्द्र चन्द र पारस सुनारले समान दुई विकेट लिए ।

टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिमाञ्चल एकेडेमीले १८.५ ओभरमा एक सय १० रनमा सबै विकेट गुमायो । सुदूरपश्चिमाञ्चलका लागि आशिष लुहारले सर्वाधिक ४२ रनको योगदान दिए । उनले ३६ बलमा १ चौका र ४ छक्का प्रहार गरे । घोडाघोडीका हरिश बस्नेतले ४ विकेट लिए । उनले ४ ओभरमा २२ रन खर्चिए ।

■ नेपाल सुपर लिग

तेम्रो खेलमा वीरगन्जले अंक जोड्यो

नयाँ पत्रिका

नेपाल सुपर लिग (एनएसएल)मा वीरगन्ज युनाइटेडले तेम्रो खेलमा १ अंक जोड्न सफल भएको छ । दरशथ रंगशालामा ललितपुर सिटीलाई २-२ को बराबरीमा रोक्दै वीरगन्जले तालिकामा पहिलोपटक अंकको खाता खोलेको हो । ललितपुरको यो लगातार तेम्रो बराबरी हो । तेम्रो बराबरी नतिजासँगै ललितपुरले ६ अंक बटुलेको छ । लिगमा धनगढी एफसीले तीन खेलमा दुई जित र एक बराबरी निकाली सर्वाधिक सात अंक जोडेको छ । प्रतियोगिताकै साबिक उपविजेता धनगढी शीर्ष स्थानमा छ । एक जित र तीन बराबरीका साथ ललितपुर दोस्रो स्थानमा उक्लेको छ । वीरगन्जलाई हराउँदा ललितपुरले शीर्ष स्थानमा धनगढीलाई विस्थापित गर्न सक्ने थियो । वीरगन्ज तालिकाको नवौं स्थानमा छ ।

प्रतिस्पर्धात्मक खेलमा वीरगन्जले अनपेक्षित रूपमा ललितपुरविरुद्ध अग्रता लिएको थियो । खेलको १०औं मिनेटमा विलियम ओपोकुले वीरगन्जलाई १-० को अग्रता दिलाए । यद्यपि, प्रतियोगितामै सहभागीमध्ये टोलीका राम्रा विदेशी खेलाडीको साथ पाएको ललितपुरले खेलको १३औं मिनेटमा १-१ को बराबरी गोल फर्काउन सफल भयो । ललितपुरका लागि इमोन इकेजेले गोलरक्षकविरुद्धको वान भर्सस वानमा बराबरी गोल फर्काएका हुन् ।

बिस्तारै खेलमा पकड बनाएको ललितपुरले खेलको ३९औं मिनेटमा निखिलले २-१ को अग्रताका लागि गोल गरे । मध्यान्तरमा बल पोसेसन बलियो बनाएको ललितपुरले राम्रो गोल अवसर गुमाएको थियो । दोस्रो हाफमा दुवै टोली आक्रामक रूपमा प्रस्तुत भए । खेलको ५२औं मिनेटमा वीरगन्जका कृपाकान्त चौधरीले २-२ का लागि गोल गरे । विलियमको उत्कृष्ट फ्रिकिक बल क्रसबारमा लागेको थियो । पोस्टभन्दा ३५ यार्ड टाढाबाट विलियमको फ्रिकिक क्रसबारमा लागेर फर्किएको बललाई कृपाकान्तले सहजै गोल गरे ।



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

अंक तालिका					
क्लब	खेल	जित	बराबर	हार	अंक
धनगढी	३	२	१	०	७
ललितपुर	४	१	३	०	६
पोखरा	३	१	२	०	५
काठमाडौं	३	१	२	०	५
चितवन	३	१	१	१	४
इलाम	३	१	०	२	३
बुटवल	३	१	०	२	३
झापा	३	०	२	१	२
वीरगन्ज	३	०	१	२	१

यद्यपि, राम्रो तालमेल बनाएको ललितपुरले त्यसपछि अग्रता लिने अवसर नपाएको होइन । तर, फिनिसिङमा चुक्दा ललितपुरले वीरगन्जसँग बराबरी नतिजा हात पाऱ्यो । प्रतिस्पर्धामा ललितपुरले काउन्टर एट्याक्टमा वीरगन्जमाथि दबाब राखेको थियो । ललितपुरले डिफेन्स लाइन बलियो बनाएको थियो । खेलको ५७औं मिनेटमा वीरगन्जले राम्रो गोल अवसर चुकाएको थियो । वीरगन्जका जय गुरुङले बक्सबाहिरबाट प्रहार गरेको बल बारमा लागेर फर्किएको थियो ।

खेल संक्षेप

रेडियन्टको दोहोरो जित

काठमाडौं/ रेडियन्ट पब्लिकले २९औं ज्ञान कार्निभलअन्तर्गत अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा मंगलबार दोहोरो जित हात पारेको छ । आयोजक ज्ञानोदयको कोर्टमा भएको पुरुषतर्फ त्रियोगलाई ५१-२७ ले पराजित गऱ्यो । महिलातर्फको इभेन्टम रेडियन्टले बुढानीलकण्ठलाई २४-११ ले हरायो । रेडियन्टकी दिव्यान्शा कार्कीले १० स्कोर गरिन् । महिलातर्फको अर्को प्रतिस्पर्धामा त्रियोगले आयोजक ज्ञानोदयमाथि २४-१५ को जित दर्ता गऱ्यो ।

बक्सिङ टोली मलेसिया जाने

काठमाडौं/ ३४औं अन्तर्राष्ट्रिय बक्सिङ प्रतियोगितामा सहभागी हुन पाँचजना खेलाडीसहित सात सदस्यीय नेपाली टोली बिहीबार मलेसियाको पेनाङ जाने भएको छ । २५ देखि २९ मंसिरसम्म हुने प्रतियोगिताको पुरुष ५१ केजीमा प्रबल उप्रेती, ५४ केजीमा सिंहवीर लिम्बू, ५७ केजीमा छिरिङ वाङदी शेर्पा, ६० केजीमा शुलभ माली र ६३ केजीमा रिजन गुरुङले नेपालको चुनौती प्रस्तुत गर्नेछन् ।

चीन र नेपालबीच मैत्रीपूर्ण फुटबलको प्रस्ताव

काठमाडौं/ नेपाल र चीनको युवा खेलाडीबीच मैत्रीपूर्ण फुटबल प्रस्ताव राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले नेपालस्थित चिनियाँ राजदूतावासका प्रतिनिधिमण्डलसमक्ष राखेका छन् । सदस्यसचिव घिसिङ र राजदूतावासका काउन्सिल फर कन्सुलर अफेयरका वाङ दोङको नेतृत्वमा आएको प्रतिनिधि मण्डलबीच मंगलबार भेटवार्ता भएको थियो । यसै भेटवार्ताकै क्रममा घिसिङले मैत्रीपूर्ण फुटबल आयोजनाको प्रस्ताव राखेको राखेपले जनाएको छ ।

नयाँ वर्षको उपलक्ष्यमा हुने महोत्सवमा दुई देशबीच मैत्रीपूर्ण फुटबल आयोजना गर्ने विषयमा छलफल भएको छ । नेपालको यू- २१ पुरुष फुटबल टोली तथा चीनको चोङ चीन प्रान्तको व्यावसायिक फुटबल क्लबसँगै फुटबल टिमको यू- २१ पुरुष टोलीबीच मैत्रीपूर्ण फुटबल आयोजना गर्ने विषयमा प्रारम्भिक छलफल भएको छ ।

चिनियाँ पक्षले फुटबल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा गराउन प्रस्ताव गरेका छन् । साथै, टोलीले दशरथ रंगशालाको पनि अवलोकन गरेको छ । सदस्यसचिवले टोलीको प्रस्तावमा आफू सकारात्मक रहेको बताउँदै कार्यक्रमलाई सफल पार्न सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रम चिनियाँ राजदूतावासको आयोजनामा हुन लागेको हो ।

विष्टलाई राष्ट्रिय टोली तयारीको जिम्मेवारी

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले ओलम्पियन एवं तेक्वान्दोका पूर्वखेलाडी दीपक विष्टलाई राष्ट्रिय टिम तयारीको निर्देशकको जिम्मेवारी दिएको छ । यसअघि तालिम तथा प्रशिक्षण विभागमा रहेका तेक्वान्दो प्रशिक्षक विष्टलाई शनिबार राष्ट्रिय टिम तयारीको निर्देशकको जिम्मेवारी दिने निर्णय गरिएको हो । नेपाली खेलकुदका सफल खेलाडीमध्येका विष्ट दक्षिण एसियाली खेलकुद (साग)को लगातार चार संस्करणमा स्वर्ण जित्ने एक मात्र नेपाली खेलाडी हुन् । उनले आठौंदेखि ११औं (साग) सागमा स्वर्ण जितेका थिए । विष्टले २००२ को बुसान एसियाड तथा २००६ को दोहा एसियाडीमा कांस्य जितेका थिए । एसियाडमा लगातार दुई कांस्य जित्ने उनी मात्र एक्लो नेपाली खेलाडी हुन् ।

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन

दरभाउपत्र (e-bidding) आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/१९)

यस अस्पतालको लागि आवश्यक पर्ने Coagulation Test Related Reagents with Analyzer बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने भएकाले नियमानुसार योग्य तथा ईच्छुक सप्लायर्स/फर्म/कम्पनिहरुबाट बोलपत्रमा उल्लेखित शर्तहरुमा रहि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बोलपत्र (e–bidding) आव्हान गरिएको सुचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ । यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा गई देहाय बमोजिमको विवरण तथा यस अस्पतालको नामबाट विस्तृत विवरण हेर्न तथा डाउनलोड सकिने छ ।

S.No.	Name of Procurement	IFB No.
1.	Coagulation Test Related Reagents with Analyzer (Cost Per Test Basis)	BPKMCH/NCB/27/080/081

कार्यकारी निर्देशक

क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड

"Class 'C' financial institution licensed by NRB"

बत्तीसपुतली, काठमाण्डौ, फोन नं.:४–५७१४५८,४–५९००५५

फ्याक्स:४–५९६३२१, इमेल: info@cmbfl.com.np

लेखा परिक्षक नियुक्तिको लागि प्रस्ताव पेश गर्ने बारे सूचना

प्रचलित ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम यस संस्थाको आर्थिक वर्ष २०७९/८० को लेखा परिक्षण र कर लेखा परिक्षण कार्य गराउनु पर्ने भएकोले लेखा परिक्षण गर्न अनुमति प्राप्त एवं अनुभवि कम्पनी/फर्म/संस्थाहरुलाई देहायका कागजात सहित १५(पन्ध्र) दिन भित्र सिलबन्दि कोटेशन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. कम्पनी/फर्म/संस्था दर्ता अनुमति, नविकरण, कर चुक्ता लगायतका अध्यावधिक कानूनी कागजात, आवद्ध साझेदार पार्टनर व्यवस्थापन तहका कर्मचारीको विवरण र सम्बन्धित अन्य कागजात संलग्न भएको प्रोफाईल सेट ।

२. नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "क" "ख" र "ग" वर्गका बैंक वित्तीय संस्थाहरुको लेखा परिक्षण गरेको अनुभव सम्बन्धित अन्य कागजात संलग्न भएको प्रोफाइल सेट ।

३. लेखा परिक्षण गरे वापत लिने भ्याट वाहेकको पारिश्रमिक प्रष्ट उल्लेख भएको प्रस्ताव ।

मण्डनदेउपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रेपलाञ्चोक

सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०८/२०)

यस नगरपालिका अन्तर्गत नगर आधारभूत अस्पताल तथा नगर कार्यपालिकाको कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका पदहरु रिक्त भएकोले रिक्त पदहरुमा सेवा करारबाट पदपूर्ति गरिने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८०/०९/०४ गते कार्यालय समयभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	विज्ञापन नं.	पद	तह	माग पद सङ्ख्या	दरखास्त दस्तुर रु.	परीक्षाको किसिम
१	०१-२०८०/८१	मेडिकल अधिकृत	आठौं	२	१५००।-	लिखित, सामूहिक परीक्षण र मौखिक
२	०२-२०८०/८१	रोजगार संयोजक	छैठौं	१	१२००।-	रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ ले तोके बमोजिम
३	०३-२०८०/८१	स्टाफ नर्स	पाँचौ	२	७००।-	लिखित र मौखिक
४	०४-२०८०/८१	अ.न.मी.	चौथो	३	५००।-	लिखित र मौखिक

१. **सेवाको किसिम:** सेवा करार ।

२. **परीक्षा मिति:** नगरपालिकाको वेवसाइटमा पछि प्रकाशन गरिनेछ ।

३. **आवश्यक न्युनतम योग्यता र अनुभव:**
क) मेडिकल अधिकृत: मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको,
ख) रोजगार संयोजक: मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण तथा सम्बन्धित काममा अनुभव प्राप्त,
ग) स्टाफ नर्स: मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको,
घ) अ.न.मी: मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तिर्ण,

४. **उमेरको हद:**
क) मेडिकल अधिकृत: २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
ख) रोजगार संयोजक: २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
ग) स्टाफ नर्स: १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
घ) अ.न.मी: १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

५. **सेवा सुविधा:** प्रचलित कानून बमोजिम ।

६. **दरखास्त दिने स्थान:** मण्डनदेउपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, महादेवस्थान, काभ्रेपलाञ्चोक ।

७. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु
क) आवेदन, ख) नागरिकता प्रमाणपत्र,
ग) शैक्षिक योग्यताको प्रमाणपत्र, घ) सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्र,
ङ) कार्यानुभव भए अनुभव खुलेको कागजातहरु, च) दुई प्रति पासपोर्ट साइजको फोटो,

८. **करार अवधी:** २०८१ असार मसान्तसम्म हुनेछ र आवश्यकतानुसार थप गर्न सकिनेछ ।

९. **पाठ्यक्रम र दरखास्त आवेदन फाराम** कार्यालयको वेवसाइट www.mandandeupurmun.gov.np मा प्राप्त गर्न सकिनेछ ।

१०. दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्र दरखास्त आवेदन पेश गर्न सकिनेछ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com